# नेपाल देशको इतिहास

(गताङ्कको बाँकी)

## शाहकाल

श्री श्री श्री श्री श्री ५ गोरखेश बडामहाराज पृथ्वीनारायण शाहका प्रसंगले यिनका पुरखाहरूको अघिदेखिको पुस्तावारी वंशावलि संक्षेपले लेखिन्छ :-

अघि सूर्यवंशी र सोमवंशी राजाहरूलाई वीर विक्रमादित्य शालीवाहन राजाबाट दखल गरी आफू बडा महाराज हुँदा सूर्यवंशी र चन्द्रवंशी राजाहरू आआफ्ना राज्य छाडी यत्रतत्र लागेका थिए। त्यसै अवस्थामा ती शालीवाहन राजाले संपूर्ण क्षत्रियहरूलाई खोजेर जाँचबुझ गरी बुद्धिवर्गतअनुसार सुहाउँदो किसिमको राज्य दिंदै राजा थापना गर्दा ८०० राजा पुगे। ती मध्येमा ऋषिराज राणाजी नामक चन्द्रवंशीलाई राजपुतानाका मेवाड जिल्ला अन्तर्गत गढ चितवरमा राज्याभिषेक दिई भट्टारक पदले विभूषितसमेत गरे। पछि शालीवाहन राजा परलोक हुँदा मौन यवन जातले शालीवाहनको राज्य अंबल गर्दा मौन यवनको हुकुम चल्यो। तर गढ चितवरमा भने मौन र यवनको हुकुम नचली यी ऋषिराज राणाजीले आफ्नै हुकुम चलाई राज्य गरेका थिए। गढ चितवरमा राज्य गर्ने राजाहरू यी थिए:-

श्री राजा ऋषिराज भट्टारक
यिनका पुत्र राजा शिव भट्टारक
यिनका पुत्र राजा पद्म भट्टारक
यिनका पुत्र राजा दिलराम भट्टारक
यिनका पुत्र राजा श्याम भट्टारक
यिनका पुत्र राजा गोवर्धन भट्टारक
यिनका पुत्र राजा हरि भट्टारक
यिनका पुत्र राजा निधि भट्टारक
यिनका पुत्र राजा भास्कर भट्टारक
यिनका पुत्र राजा लीला भट्टारक
यिनका पुत्र राजा अभय भट्टारक
यिनका पुत्र राजा नामजान भट्टारक
यिनका पुत्र राजा देवशर्म भट्टारक

यति १३ पुस्तासम्मका राजाले आफ्ना राज्य कायमै राखी भोग गरेका थिए। यी देवशर्म भट्टारकका पालामा यवनको फौजले चढाई गरी त्यस गढ चितवरको राज्य अंबल गरे तापनि आखिर यिनै राजालाई राज्य सुम्पेको थियो। अनि यी राजाले आफ्ना राज्यमा अर्काको हुकुम चलेपछि भट्टारक पदवीले के गर्नु भनी आफ्ना जातको राणाजी भन्ने कहलाई उक्त गढ चितवरमा राज्य गरे।

श्री राजा अयुतबम राणाजी
तिनका पुत्र राजा शिवराम राणाजी
तिनका पुत्र राजा कनकबम राणाजी
तिनका पुत्र राजा यशोबम राणाजी

यति ४ पुस्तासम्म राणाजी कहलाई राज्य भोग गरे। त्यसपछि यिनका छोरा औदुम्बर राणाजीले बादशाहसंग सवालजवाफ र तरवारका कामबाट पनि सबै तरहले रिझाउँदा राव पदवी पाए। त्यस दिनदेखि औदुम्बर राणाजी राव कहलाए।

राजा औदुम्बर राणाजी राव
तिनका पुत्र राजा भट्टारकबम राणाजी राव
तिनका पुत्र राजा बीरविक्रम राणाजी राव

यिनका सन्ततिहरूमा झगडा पर्दा गढ चितवरदेखि फुटी कोही उत्तर पहाडी देशमा गए।

राजा बीरविक्रमका पुत्र जिल्लहरा राणाजी राव

तिनका पुत्र राजा अजिल्लहुरा राणाजी राव

तिनका पुत्र अतल राणाजी राव

तिनका पुत्र तुथा राणाजी राव

तिनका पुत्र दीपिका राणाजी राव

तिनका पुत्र हरि राणाजी राव

तिनका पुत्र ब्रह्म राणाजी राव

तिनका पुत्र बखान राणाजी राव

तिनका पुत्र मनोरथ राणाजी राव

तिनका पुत्र जय राणाजी राव

तिनका पुत्र जगत् राणाजी राव

तिनका पुत्र भोज राणाजी राव

तिनका पुत्र भूपति राणाजी राव

यिनका भैयाद फत्यसिंह राणाजी रावका सनदरबेटी भन्ने एक छोरी बहुतै राम्री थिइन् । ती बराबरको स्त्रीरत्न पृथ्वीभरमा अर्को कोही थिएन । त्यो खबर अकबर बादशाहले सुन्दा ती राणाजीलाई डाकी "तिम्री कन्या बहुतै खूबसूरत रहिछिन् । जाँजबुझ गर्दा ती बराबर स्त्रीरत्न अर्को ठहरिएन । जुन बस्तु तोफा ठहरिन्छ त्यो वस्तु बादशाहको हुन्छ । तसर्थ तिमीले कन्या दिनुपर्छ" भनी माग्दा ती राणाजी घरसल्लाह गर्छु भनी फर्के । अनि गड चितवरमा गई आफ्ना भाइभतिजाहरूसंग सल्लाह गरी यस्तो बेहोराको अर्जीपत्र लेखी पठाए :– "आआफ्ना जातमा आफू आफू बडा हुन्छन् । आफ्नै जातको शादी विवाह योग्य हुन्छ । बादशाहका उपर कुनै दुश्मन मनसुवा राख्दछन् भने रजपूतहरू ज्यान दिन तत्पर छन् । दौलत चाहियो भने हाम्रो जो दौलत छ त्यो बादशाहको हो । छोरी दिनका हकमा हाम्रो ज्यानमा बूंद छउंजेल जातमा फिरा पार्नेछैनौ ।" यस्तो जवाफ पाउँदा अकवरले आफ्नो हुकुम मानेनन् भनी फौज पठाई चढाई गर्दा ठूलो लडाई भयो । राजा भूपति राणाजी राव र भैयाद फत्य सिंह राणाजी रावप्रभृति धेरै रजपूतहरू खति भए । ती रजपूतहरूका रानी १३ जना सती गए । ती कन्याले पनि पाकेको तेलको कराहीमा फाल हाली प्राण त्याग गरिन् । त्यसपछि बादशाहले यिनीहरू जमामर्द रहेछन् भनी बाँकी रहेका लश्करलाई त्यसै छोडी आफ्ना तखततिर फर्के । त्यसपछि त्यो गढ छाडी राजा भूपति राणाजीका जेठा छोरा उदयबम राणाजीले आफैंले उदयपुर शहर बसाई राज्य गरे ।

भूपतिका कान्छा पुत्र मन्मथ राणाजी राव उज्जयिनी शहरमा गए ।

उनका पुत्र विक्रम राणाजी राव

उनका पुत्र ब्रह्माणिका राणाजी राव र भूपाल राणाजी राव दुइ थिए । यी दुइ भाइको आफूसमा विरोध हुँदा जेठा ब्रह्माणिका उज्जयिनीमै बसे । कान्छा भूपाल राणाजी राववाहीं त्यहाँबाट आफ्ना कुलदेवता साथमा लिई हिंडे । 'मलाई जुन ठाउँको खाली जमीनमा राखौला त्यहीं बस्नेछु' भनी कुलदेवताले भनेको हुनाले रिडीको बाटो गरी शके १४१७ मा सर्घामा आइपुग्दा ती भूपाल राणाजीले त्यहीं देवतालाई भूईंमा राखे । त्यसपछि इष्टदेवताले त्यहीं वास गरे । आफू पनि केही दिन त्यहीं बसेपछि अब यस डवलले निर्बाह हुँदैन केही बन्दोबस्त गर्नुपर्ला भन्ने ठानी शाके १४१७ मा भीरकोटको खिलुङ भन्ने ठाउँमा पुगे । त्यहीं बाँझो कालाबन्जार जग्गा आवाद गरेर बसे । भूपाल राणाजी राव (३६) का जेठा हरिहरसिंह र कान्छा अजर्पसिंह दुबैको मध्येसबाट रघुवंशी रजपूतकी कन्या झिकाई विवाह गरे । अनि जेठा हरिहरसिंह रानी साथमा लिई ढोरतिर लागे । त्यहाँ मगरात मुलुकका ढोर, सतौं, गह्रौं, भीरकोट यी चार प्रदेश जिती त्यहाँको राजा भएर राज्य गरे । कान्छा अजर्पसिंहले आफ्ना रानीसमेत भई गुरु परमानन्द भट्टाचार्यलाई गुरुदक्षिणाको रूपमा आफू बसेको खिलुङ भन्ने जग्गा बितलव दिई पल्लो नुवाकोटमा गएर राजा भई रजाइं गरे । त्यसपछि यिनीहरूले खान भन्ने पदवी पाए ।

अजर्पसिंह खान

तिनका पुत्र जयन्त खान

तिनका पुत्र सूर्य खान

तिनका पुत्र सिम खान

तिनका पुत्र विचित्र खान

तिनका पुत्र जयदेव खान

तिनका पुत्र कुलमदन खान

यी कुलमदन खानले कास्कीमा आई रजाइं गर्दा केही कुरामा बादशाहलाई रिझाएर शाह पदवी पाए । त्यसपछि शाह कहलाए । राजा कुलमदन शाह ।

यिनका ७ छोरामध्ये जेठाले कास्कीमै रजाइं गरे ।

माहिला कालु शाहलाई लमजुङ ढुरांडाँडाका पञ्चले राजा कुलमदन शाहसंग मागी लमजुङमा राजा थापे। यिनलाई लमजुङे शेषालीले शिकार खेल्ने निहुँ गरी वनमा पुऱ्याए। अग्ला ठाउँबाट सबै देखिन्छ भन्ने बहाना गरी अग्ला ठाउँमा राखेर धनुकाँड लिई चारैतिरबाट घेरेर मृगलाई हानेको बहाना गरी शेषालीहरूले राजालाई धोका दिएर मारे। अनि केही दिन त्यहाँ अराजकता चल्यो। यस्तो अराजकताले निर्वाह भएन भन्ने ठानी लमजुङेहरूले फेरि कुलमदन शाहकहाँ आइ बिन्ति गरे। "तिमी लमजुङेहरूले मेरा अर्का छोरालाई पनि मृगको बहाना गरी मार्नलाई लैजान आयौ?" भनी रिसाएर कुलमदन शाहले जवाफ दिए। सबै लमजुङे गैह्र पञ्च मिली हात जोडेर धरोधर्म गर्दै फेरि निवेदन गरे। 'महाराज, त्यो कर्म गरेको हामीले होइन, शेषाली जातिले हो। जसका पेटमा गाईको मासु, त्यसको के विश्वास ! ती पापी शेषालीहरूका दंगामा पर्दा त्यसो भएको हो। हामीलाई एउटा राजा नभई भएन, अब त्यस्तो हुनेछैन' भनी धरोधर्म गरी साह्रै जिद्दी गरे। यसबाट चित्त बुझ्दा राजाले भने "लौ तं जा भनी म कुनै छोरालाई पनि पठाउन्न। जेठाबाहेक ५ छोरालाई एकै बिच्छ्याउनामा सुताइदिन्छु, तिमीहरूका जुनचाहिँलाई रुचि लाग्छ, उसलाई खुशी गराई लैजान सक्छौ भने लैजाऊ।" यति भनी बेलुका ५ छोरालाई एकै बिच्छ्याउनामा सुताएका थिए। अनि लमजुङेहरूले कान्छा यशोबम शाहको सिह्रान अरूको भन्दा माथि सरेको देखी निद्रामा सिह्रान माथि सर्ने मानिस भाग्यमानी हुन्छ भन्ने सम्झी यिनैलाइ लैलाऊं भन्ने सम्मत गरे। त्यसपछि राजा कुलमदन शाहका कान्छा छोरा यशोबम शाहलाई ल्याई लमजुङमा राजा थापे।

## द्रव्य शाह

राजा यशोबम शाहका २ छोरा थिए। जेठा नरहरि शाह लमजुङमा राजा भए। कान्छा द्रव्य शाह गोठमा बसेका थिए। बालक छँदैमा एक दिन द्रव्य शाह दूध तताउन लागेका बखतमा श्री गोरखनाथ आई अलख जगाए। उनले दूध भिक्षा दिदा खुशी हुँदै गोरखनाथले भने "तेरा जीउले तपस्या गरेको छैन, तँलाइ गोरखाको राज्य मात्र भयो। तँदेखि चारौं राजा जो होला त्यो बडो तापस्यावान् हुनेछ। उसले धेरै देवताबाट वर पाई सिद्धहरूको संगत गर्दै राज्यको स्थिति र न्यायनिसाफ गरी सकल प्रजाहरूको पालना गर्ला। त्यसका सातौं राजाका पालादेखि नेपालको भोगसमेत गर्नेछन्।" यस्तो बरदान पाउँदा द्रव्य शाहले सोधे" न मेरो तपस्या, न मेरो ब्राह्मणहरूको सेवा। केबाट मसंग प्रसन्न भई दर्शन दिएर वरदान दिनुभयो ?" श्री गोरखनाथले जवाफ दिए "अघि कुनै कालमा म नेपाल जाँदा त्यहांका मानिसहरूले मेरो अनादर गरेका हुनाले मलाई रिस उठी मृगस्थलीमा गएर सम्पूर्ण मेघमण्डल खिचेर तमाम नागहरूको आसन बाँधें। त्यस बखत बाह्र वर्षसम्म अनावृष्टि हुंदा प्रजाहरूले खूब दुःख पाए। राजा नरेन्द्रदेवका पालामा बन्धुदत्त आचार्यले ध्यानदृष्टिले हेर्दा मलाई कुपित भएको ठहराए। यिनै आचार्यका संमतले कामाक्षाबाट मेरा गुरु मत्स्येन्द्रनाथलाई धेरै भारत गरी नेपालमा ल्याए। त्यसपछि सब काम क्रोध छोडी त्यस आसनबाट उठी गुरुलाई प्रणाम गरें। त्यही मौका छोपी नाग र मेघहरू आआपना स्थानमा गए। त्यसपछि बराबर बृष्टि हुन थाल्यो। त्यो अनादर गरेको रिस अझ नछुटेको हुनाले विनातपस्यैमा मैले तँलाई दर्शन दिएं। तँदेखि ११ पुस्ताका राजालाई नेपालको भोग अवश्य हुनेछ।" यति भनी श्री गोरखनाथ फर्के।

त्यसपछि द्रव्य शाहले दरबारमा आई "जुन काम हुकुम हुन्छ त्यो काम म गर्न सक्छु" भनी मुमासंग विन्ति गरे। "गर्न सके असल हो, काम लगाउँला" भन्ने जवाफ पाए। त्यसै राति नरहरि शाहसंग मुमाको सल्लाह हुँदा मुमाबाट "कान्छा मेरा गर्भमा छँदा मैले सपनामा जलपान गरी सूर्यलाइ निलेथें। अब यो सामान्य पुरुष हुनेछैन, तिमीहरूभन्दा धेरै पराक्रमी हुनेछ। सब मेरा जीउ छँदैमा तिमीहरू दुइ भाइको विरोध नपर्ने गर्छु" भनी "माहिला छोरा नरहरि शाहले नूनका मोहडाको कामकाज गर्नू, कान्छा द्रव्य शाहले रागीनासकोटमा रही उहीको कामकाज गर्नू" भनी काम छुट्याइदिइन्। त्यसैअनुसार द्रव्य शाह रागीनासमा आई बसेका थिए। त्यस अवस्थामा गणेश पाण्डे राजा मुकुन्द सेनसंग आई गोरखा छोराक बेलबासमा वास गरिरहेका थिए। त्यस जिल्लामा खड्का भन्ने थर भएका खस राजा थिए। ती राजाको अन्याय अनरीत पनि धेरै बढेको थियो। कुजात राजा भएको देख्दा गणेश पाण्डेले यहाँ क्षत्रिय राजा कस्ता तरहले हुनन् भनी लमजुङ तार्कुका पन्तकी छोरी मागी विवाह गरेर सम्बन्ध बाँधे। अनि द्रव्य शाहसंग आउमुजानु गर्न लागे।

एक दिन द्रव्य शाहको मनसुवा बुझी गणेश पाण्डेले भने 'क्षत्रियहरूको आफ्नो बलपराक्रम र न्यायबलले पृथ्वीको आर्जन गरी पालना गर्ने धर्म हो । यस बखत गोरखामा खड्का भन्ने नीच जाति राजा भइरहेछन् । हजुरले गोरखाको राज्य गर्ने उद्योग गरे बढिया होला ।" यस्तो विन्ति सुनेपछि 'बढिया भन्यौ, मेरो पनि मनसुवा छ, तर कस्ता तरहले उद्योग गरूँ" भनी द्रव्य शाहले भने । 'हजुरबाट केही देवताको भक्तिभावना गरिबक्सियोस्, म पनि गोरखाका मानिसहरूसंग सल्लाह गर्छु' भनी गणेश पाण्डे गोरखातिर लागे । अनि गोरखाका मगर, थापा प्रभृति सबै भलामानिससंग मतो गर्न लागे ।

उता रागीनासमा द्रव्य शाहले नारायणदत्त अर्ज्याललाई चेपेघाटमा गई पुरश्चरण गर भनी अह्राए । अर्ज्यालले चेपेघाटमा पुरश्चरण सिद्ध गरी गोरखा पुगे । 'बल नभई एकैपल्ट यहाँ साउनु ठीक हुँदैन । अहिले लिगलिगमा घले राजा आफ्ना बलले राजा भएको छ । त्यहाँको रीत कस्तो छ भने टीकाका दिनमा गादीमा बस्न जसले उछिन्छ, उही राजा हुन्छ । अघिका राजा त एकदुइ वर्ष मात्र हुन्थे, अहिलेको राजा त बलियो रहेछ, दश बाह्र वर्ष भयो त्यही राजा छँदैछ । पहिले त्यहाँ टीकाका दिनमा छलबल गरी कोट उछिन्नू र लिगलिग हात लाग्छ । त्यो हात लागेपछि धेरै बल बढ्छ । त्यसपछि यहाँ आउन सजिलो हुन्छ ।' गणेश पाण्डेले यस्तो सल्लाह दिए । अनि नारायणदत्त रागीनासमा आई द्रव्य शाहलाई सबै कुरा बताए । द्रव्य शाहले पनि त्यहीअनुसारको उद्योग गरी टीकाका दिन लिगलिगकोट उछिनेर गादीमा बसी लिगलिग हात लगाए ।

त्यसपछि गोरखामा गई १५ दिनसम्म लडाईं गर्दा पनि खड्का राजा वशमा आउन सकेनन् । गादीमा बस्ने साइत नजीकै आएको हुनाले गणेश पांडेले हात लिएका भगीरथ पन्त, अर्ज्याल, खनाल, बोहरा, मुरली खवास, मगर र थापाहरू सब जम्मा भई द्रव्य शाहलाई तल्लोकोटमा ल्याई राखे । अनि पांडे, पन्त, अर्ज्याल, मगरहरू खड्का राजासंग गई कुरा गर्दा कुरा मिलेन । त्यसपछि साइत आयो भनी गोरखाका पञ्चहरू सबै जनाले एकैमुख गरेर हमला गर्दा पनि खड्का राजालाई वशमा गर्न सकेनन् । त्यही मौकामा द्रव्य शाहले तरवार चलाई खड्का राजालाई मारे । अनि चाहिंदो सरादाम तयार गरी शास्त्रको मर्यादासित गणेशपूजा र मंगलपूर्वक पछ चितवरमा रजाइँ गर्ने ऋषिराज भट्टारकदेखि ४५ पुस्ताका राजकुमार द्रव्य शाहलाई सिंहासनमा बसाले । शाके १४८१ साल सहकाल भाद्र वदि ८ रोज ४ रोहिणी नक्षत्रका दिन श्री नारायण पण्डितले राज्याभिषेक दिई तिलकपाती चढाए । त्यसपछि उपल्लाकोटका घले राजालाई पनि मारी निष्कण्टक राज्य गरे ।

यो समाचार लमजुङ पुग्यो । त्यहाँका राजा नरहरि शाहले अब द्रव्य शाह हाम्रा सल्लाहमा आउँदैनन् भन्ने तर्कवितर्कका कुरा गर्न लागे । उनकी मुमाले थाहा पाएर लमजुङबाट चम्पावती (चेपे) नदीमा आइन् । पछि छोराहरूमा झगडा नहोओस् भन्नाका निमित्त आफ्ना स्तनबाट दूध निकाली चम्पावती नदीमा बहाइन् । 'अब उप्रान्त कान्छा द्रव्य शाहले चेपे तरी दाजुसंग लडाइँ गर्न लमजुङतर्फ नआउनू, जेठा नरहरि शाहले पनि भाइसंग लडाईं गर्न चेपे नतर्नू । जो तर्ला उसलाई मेरो दूध लंघन भएको पातक लाग्ला' भनी मुमाबाट बन्देज भयो ।

त्यसपछि सोही साल आश्विन शुदि ८ का दिन तिनै नारायण पण्डितबाट श्री ५ द्रव्य शाहले आफ्ना कुलमा हिजोदेखि पुरखाले उपासना गरिआएकी श्री कालिकादेवीको महामन्त्र सुनी दीक्षा लिए । लमजुङमा रहेकी श्री कालिकादेवीलाई पनि गोरखामा ल्याउँछु भनी पुरश्चरण गर्दा 'मलाई गोरखामा लैजान्छौ भने मेरा स्थानदेखि बत्ती बाली ननिभाईकन लैजाऊ । ननिभाई पुऱ्यायौ भने म त्यसैको ज्वालामा आउँला' भन्ने सपना भयो । सोहीमाफिक लमजुङका राजा भारदारहरूले थाह नपाउने गरी दुइ जना ब्राह्मण गई देवीका स्थानदेखि बत्ती बाली ल्याउँदा दुइ फेरा बाटैमा निभ्यो । तेस्रो पल्टमा गोरखादरबारमा ल्याई माथि पूजाकोठामा लगेर राखे । त्यहीं बत्तीको पूजा गरेर ढोका बन्द गरी आए । भोलिपल्ट बिहान महाराज र पुरोहित गई हेर्दा साक्षात् शिलामय मूर्ति भई बिराजमान भएकी देखे । आश्चर्य मानी धन्य मेरो भाग्य भन्दै पूजा गरे । यसै सालका वडादशैंमा लमजुङदेखि सतार रांगो भागी गोरखामा आइपुग्यो । जुन कुरा श्री कालीमाइबाट स्वप्नमा आज्ञा भएथ्यो सोहीबमोजिम पूजाको र सुसारेको बन्दोबस्त गरी श्री कालीमाइलाई प्रसन्न गराए । यी राजाको विवाह सुभद्रादेवीसंग भएको थियो ।

उता लमजुङमा मुमा स्वर्ग भएपछि उहाँका भारदार-

हरू बसी रातीनासकोटबाट लिएको लिगलिगकोट कसरी उनले पाउँछन् भनी खेल गरी दगा गर्ने मनसुवा गरे। त्यसपछि नरहरि शाहले द्रव्य शाहलाइ 'यसपाला बुबाको श्राद्ध तिमी र म संगै बसी गरौं। मेरो प्रतीत नमाने धर्म गरी शंका फालेर संगै बसी श्राद्ध गरौंला।' भन्ने चिठी पठाए। गोरखाबाट पनि द्रव्य शाहले सबै भारदारहरूसंग सल्लाह गरी धर्म भनेपछि मान्नैपर्छ। तर अर्को राजा भएपछि आफ्नै भए पनि शंका मान्नुपर्छ। 'हातहतियार त्यताबाट पनि नल्याउनू, यताबाट परि हामीहरू ल्याउँदैनौं। दुबै भाइ संगै बसी श्राद्ध गरौंला' भन्ने जवाफ गोरखाबाट गयो। नरहरि शाहका भारदारहरूले भने 'द्रव्य शाहलाई मारेपछि गोरखा पनि हाम्रो हात लागिहाल्छ, तसर्थ हतियारहरू नल्याउनू भने पनि अघेरै लगी लुकाइराखौंला र पछि खाली हात जाउँला। श्राद्ध भइसकेपछि भान्साका बखतमा द्रव्य शाहलाई मारी कार्यसिद्ध गरौंला' भनी मतो बाँधे। श्राद्धको दिन आएपछि लमजुङबाट नरहरि शाह छलसंग हतियार लुकाई लश्करका साथ चेपेनदीका तीरमा श्राद्ध गर्ने ठाउँमा आए। गोरखाबाट द्रव्य शाह पनि हातहतियार केही नलिई शुद्ध मनले धेरै मानिसहरू, निमन्त्रित ब्राह्मणहरू र आवश्यक सरजाम लिई आइपुगे। सबै लश्कर वारि चेपेका तीरमा राखे। अनि दुबै भाइले श्रद्धाभक्तिसंग श्राद्ध पूरा गरे। दुबैतर्फका ब्राह्मणहरूले पनि प्रसाद चढाए। भान्साको बेला हुँदा द्रव्य शाहकी धाईकी छोरीले द्रव्य शाहतिर हेरी आँखाबाट आँसु खसालिन्। द्रव्य शाहले हेर्दा ती धाइकी छोरीले आँखैले जानुहोस् भन्ने इसारा दिइन्। द्रव्य शाहले उत्तिखेर 'दिशा जान मन लाग्यो, चाँडो लोटामा पानी ले' भनी केटालाई अह्राए। लोटा लिएर अलि टाढा गई नदेखिने ठाउँबाट चेपे तरी आफ्ना लश्कर बसेका ठाउँमा पुगे। हामीमाथि कपट गरी आएका रहेछन्, यी अधर्मी हुन्। अब चाँडो दरबार जाऔं भनी हर्मीको बाटो गरी दरबारतिर लागे।

उता नरहरि शाहले 'यिनीहरूले हतियार लिएका छैनन्, पछेडा लागी पक्रौं, नत्र चम्काउनु मात्र भयो' भनी पछेडा लागी गोरखा गुरुङथोकसम्म आइपुगे। द्रव्य शाह गोरखा दरबारमा भित्रिएपछि सब लश्करले हातहतियार लिई लडाईं गरेर गुरुङथोकदेखि हटाउँदै लगे। लमजुङेहरूलाई लगार्दै हर्मीभंज्याङको बाटो गरेर चेपे तारी लश्कर फिरे। अनि लिगलिगकोटमा आई बाड गरेर बसे।

त्यसपछि द्रव्य शाहले नरहरि शाहलाई 'श्री सुमाबाट धर्म गरिबक्सनुभएका कुरामा तिमीले धर्म फाल्यौ, अब हामी धर्मदेखि फराक भयौं' भनी चिठी लेखी पठाए। त्यसपछि यी दुइ राजाको बराबर लडाईं हुँदै रहन्थ्यो। यस्ता प्रकारले महाराज द्रव्य शाहले लिगलिगको आडपयर बलियो गरी ११ वर्षसम्म राज्यको भोग गरेर अन्त्यमा दानपुण्य गरी स्वर्गधाम भए।

शाके १९४२ मा द्रव्य शाहका पुत्र पुरन्दर शाह गादीमा बसे। यी राजाका सन्तोषवतीदेवी र अम्बावतीदेवी भन्ने दुइ महारानी थिए। यिनका पालामा लमजुङसंग बराबर लडाईं भइरहन्थ्यो। लमजुङेहरू लपेट्दै कहिले धर्मनदी तरेर गोरखा छेपेटार बोहराबेंसीसम्म पनि आइपुग्थे। गोरखाका पञ्चहरूका बाँधा कमाराहरू दिनमा खेत जोती राति शिखरमा आएर वैरी जाउँछन् कि भनी कुर्दथे। त्यस ठाउँको नाम आजसम्म पनि हलिथुम भन्ने रहेको छ। फेरि वारिपारिका चाँगा सुरतानहरूसंग पनि लडाईं हुँदा मुलुक लिन सकेका थिनन्। ती चाँगा सुरतानले भोटबाट आउने चीज, नून र पाखीहरू बन्द गरिदिए। यिनीहरूलाई हाल जित्न नसके पनि पछि युक्तिसंग जितौंला, अहिले सन्धि गर्नुपर्‍यो भन्ने विचार गरी पुरन्दर शाहले 'तिमी र हामी बाझे पश्चिमका राजाहरू उठी दुःख दिनन्, तिम्रो हाम्रो सल्लाह मिलेदेखि अरु राजाहरूले केही गर्न सक्नेछैनन्' भन्ने कुराको घा बाँधी दोस्ती गरेका थिए।

उता तनहुँमा पनि लमजुङले दुःख दिंदा गोरखासंग सलतनत गर्नुपर्‍यो भनी तनहुँका राजाले हात्ती सौगात पठाए। यता पुरन्दर शाहले चाँगा सुरतानलाई झिकाई हात्ती देखाउँदा आश्चर्य भए। यो के खान्छ भनी सोद्धा हाम्रा मुलुकमा नहुने चीज नून खान्छ भन्ने जवाफ दिए। यो बढिया चीज रहेछ, यसलाई खान नून मुरी २१ पठाइदिन्छु भनी चाँगा सुरतानले भने। त्यसपछि सालबसाल नून मुरी २१ पठाउन थाले। साथै भोटको बाटो पनि खुल्यो।

यी पुरन्दर शाहकी मन परेकी महारानीतर्फ साहेबज्यू क्षेत्र शाह पैदा भए। मन नपरेकी महारानीको पनि गर्भ रहेको थियो। त्यसै बेला सौतासौतामा झगडा हुँदा महारानीका चित्तमा म महारानीकी मन नपरेकी गर्भवती छु

मैले यहाँ बस्नु ठीक छैन भनी आफ्ना तर्फका केटाकेटी साथमा लिएर सल्ल्यान ( आफ्नो माइती ) मा आई बसिन् । त्यहीं साहेबज्यू राम शाह पैदा भए । यी राजाले सल्यान र धादिङ्ग जितेपछि सल्यानबाट फूलपातीको भार ल्याई फूलपाती भित्र्याउने रीत अहिलेसम्म छ । यी राजा ३५ वर्षसम्म राज्यभोग गरी परमधाम भए ।

सकल पात्रहरूका संमतले ब्राह्मणहरूले गणेशपूजनपूर्वक टीका चढाई शाके १५२७ मा क्षेत्र शाहलाई गादीमा राखे। यिनकी महारानी शशिरेखावती थिइन् । यी ६ महीनासम्म मात्र राज्य गरी परमधाम भए । अब गोरखामा खलबल पऱ्यो । महारानीको गर्भ थियो, सल्यानमा साहेबज्यू पैदा भएका छन्, गएर सबारी चलाऊँ भनी भारदारहरू तयार भए । उनीहरू नजाँदै क्षेत्र शाह स्वर्ग भएको समाचार सुनी सल्ल्यानबाट महारानी र साहेबज्यू राम शाह गोरखामा पुगे । शाके १५२८ मा भारदारहरूले शुभ साइत हेरी राम शाहलाई गादीमा राखे ।

## राम शाह

अघिको श्री गोरखनाथको बरदान हुनाले गादीमा बसेपछि राम शाहको अवस्था र बुद्धि, बल तथा पराक्रम उत्तरोत्तर बढ्दै आयो । भारदार र प्रजाहरूका मनमा पनि बहुत आनन्द हुँदै आयो । सबैले महाराजको कसरी जय हुन्छ भन्ने निरन्तर चिन्तना गरी राजकाज गर्न लागे । यदि कसैले महाराजका गाथमा कापट्यको चिन्तना गरे पनि उनको अतिउत्कृष्ट बल, बुद्धि, प्रताप र पराक्रम देख्दैमा आफैं हट्दथ्यो । भारदारहरूले अब त उपनयन र विवाहको समय भयो भनी कन्या हेर्नलाई मकवानपुर, पाल्पा, तनहुँ, पर्वत आदि सबै ठाउँमा मानिस पठाए । कन्यार्थीहरूले पर्वतका राजा राज मल्लकी छ्याली असल ठहराए । हामीहरूले सबै ठाउँभन्दा बढिया कन्या श्री राज मल्लकी रहिछन् भनी अर्जी गरी पठाए । बढिया लेख्यौ, तिमीहरू माग्न सक्छौ त कन्याको काम छिनी आऊ, सक्दैनौ त हामी यहाँबाट मानिस पठाउँछौं भन्ने चिठी गयो । त्यसपछि कन्याको ठेगान भयो भन्ने अर्जी आयो र विवाहको सरंजाम तयार गरी केही लश्कर राज्यको रक्षालाई राखेर केही आफूसित बरियाँत तुल्याई शुभ साइतमा महाराजको सवारी चल्यो ।

उता पर्वतका राजा श्री राज मल्लले मेजमानी दिंदा अनादर गरेछन् र यी ठूला शेखी भएका राजा रहेछन्, यिनकी छोरी विवाह गर्दिन भनी त्यहाँबाट गलकोटतिर सबारी चल्यो । गलटकोटका राजा प्रतापनारायण मल्लले बाटेमा भेट गरें । ती राजाले एक दिन जगन्नाथ जान मन गरेछन् । रात्रीमा जगन्नाथले दर्शन दिई 'मेरो देवालय बनाई मूर्ति स्थापना गर, मेरो महाप्रसाद तिमीलाई मिल्नेछ, यहाँ आउनु पर्दैन' भन्ने आज्ञा भएछ । उनले देवालय बनाई मूर्ति स्थापना गर्दा त्यहीं नित्य प्रसाद पाउन लागें । उनलाई राम शाहका बाजे द्रव्य शाहले गोरखनाथको दर्शन पाएका थिए भन्ने सबै थाहा थियो । अनि 'मुसीकोटमा हामीले छोरी दिएका थियौं, तिनैकी छोरी हामीले ल्याई भान्जी पालेका छौं, दिन्छौं विवाह गर्नुहोस्' भनी राम शाहलाई भने । राम शाहले पनि मंजूर गरी विवाह गरे । केही दिन त्यहीं बस्दा 'श्री गोरखनाथबाट वरदान मिलेको छ भनी निश्चिन्त नरहनुहोस् । आफू पनि तपस्या गर्नुहोस्' भनी प्रतापनारायणले राम शाहलाई भने । 'तपाईले बेश कुरा गर्नुभयो, तर कुन ठाउँमा बसी कस्ता प्रकारले तपस्या गरूँ' भनी राम शाहले सोधे । 'अहिले भरखर विवाह भएको छ । डोला प्रवेश गर्नुभएपछि मैले यताबाट यस जगामा यस्ता डबलले आउनुहोस् भनी चिठी पठाउँला, अनि पाल्नुहोला' भनी मल्ल राजाले भने । त्यसपछि विदा भई गोरखामा डोला प्रवेश गरे ।

तिनै ताक नन्दा मिश्र मुक्तिनाथको दर्शन गरी गोरखा-बेंसीमा आएका रहेछन् । सपनामा कुनै कन्याले काशीबाट कुनै ब्राह्मण आएका छन्, तिनबाट दीक्षा ग्रहण गर, तिम्रो कल्याण हुनेछ भन्ने आज्ञा गरिन् । अनि राम शाहले भोलिपल्ट खोजी गरी डाक्न पठाए । तर उनीले भने 'म तीर्थवासीले राजासंग जाने के काम छ र ?' भन्ने जवाफ दिई आएनन् । राजा आफैं गएर सत्कारपूर्वक स्वप्नाको कुरा विस्तार गरी दीक्षा दिनुहोस् भने । 'हजुरलाई मात्र सपना भएर हुँदैन, मलाई पनि सपना भए दीक्षा दिउँला' भनी मिश्रले भने । राम शाह निराश भएर दरबार फर्के । त्यसै रात्रीमा नन्दा मिश्रलाई पनि स्वप्नामा कन्याले 'राम शाहलाई दीक्षा दिनुपर्छ, देऊ भनी इष्टदेवताको मन्त्र तारपत्रमा लेखी हातमा राखिदिइन् । अनि यी राजा विष्णुका अंश रहेछन् भन्ने मनले ठहराई मिश्रले शुभ लग्न हेरी दीक्षा ग्रहण गराए । यहाँ दुइ चार कुरा गुप्त हुनाले

लेखिएन । अनि राम शाहले गुरु नन्दा मिश्रलाई गुरुदक्षिणा, घरघडेरी र खेत बिर्ता दिए ।

केही दिनपछि प्रतापनारायण मल्लले 'कसैले नचिनिने गरी फकीरको भेषले गुप्त चालसंग आउनुहोस्' भन्ने चिठी पठाए । राम शाहले सोबमोजिम गलकोट पुगी प्रतापनारायणसंग भेट गरे । दुवै जनाले एकै भेष गरी पर्वतका टाकुरामा पुगेर इन्द्रियनिग्रहपूर्वक बडो नियमसंग कन्दमूलफलाहार गरी गुप्तरूपले तपस्या गरे । तीन महीना पुगेपछि राम शाहले कन्या र विष्णुको चिह्न भएका कुमार आई 'तिमीहरू दुबै जनाको तपस्या सिद्ध हुन्छ' भन्दै त्यस ऋतुमा नहुने फल हातमा दिएको सपना देखे । जागा भएपछि स्वप्नको कुरा विस्तार गर्दा 'मैले पनि त्यस्तै सपना देखें, हाम्रो तपस्या अवश्य सिद्ध हुन्छ' भनी प्रतापनारायणले भने । अनि दुबै जनाले झन् साहस बढाउँदै चित्त दृढ गरी तपस्या गरे ।

एक दिन जपपाठ गरी कन्दमूलफलाहार भइसकेपछि राति दुबै जनालाई निद्रा लागेन र आज किन निद्रा लागेन भनी राम शाहले भन्दा 'हामी साना राज्यका राजा भए पनि धेरै सुश्रूषा चाहिने राजाको जात हुनाले निद्रा परेन' भनी राजा प्रतापनारायणले कथाको प्रसंग गरे 'राजाले कुशलतापूर्वक सत्यधर्मसहित नीतिस्थितिमा चतुर भई शत्रु-मित्रको परीक्षा र आफ्नो देशकाल, त्यहाँको आम्दानी, सत्‌असत् कार्यमा भएको खर्च र आफ्ना गादीको सामर्थ्य यी सबै विचार गर्दै रहनुपर्छ । राजाले यतिकसा चिन्तना गर्नुपर्ने काम के हो भने सुन्नुहोस्– कालको चिन्तनाले समयको याद हुन्छ । त्यो याद भएपछि प्रजाको सुखदुःखको याद हुन्छ । पापपुण्य पनि याद हुन्छ । पाप वा पुण्यमा कोही लागेको भए पनि याद हुन्छ । शत्रुमित्र चिन्नाले कुनै कार्य गर्नुपरेमा मित्रको भर परी कार्य गर्दा जय हुन्छ । शत्रु चिन्नाले शत्रुको निःशेष गरेपछि जय हुन्छ । देशमुलुक चिन्नाले मुलुक मन्त्रीको अधीनमा रहने हुंदा मन्त्रीको अभिप्राय बुझिन्छ । आफ्ना देशदेखि अन्य देशका राजाहरूको व्यवस्था पनि चारपुरुषद्वारा जानिराख्नुपर्छ । सत्कार्यमा यति खर्च र असत्कार्यमा यति खर्च भन्ने थाहा पाएपछि असत्कार्यबाट निवृत्त भई आम्दानीअनुसार सत्कार्यमा श्रद्धा राखी खर्च गर्न जानिन्छ । सत्कार्य पनि दुइ किसिमका छन्– पारमार्थिक र कीर्तिवर्धक । असत्कार्य गर्नाले कुयश र पाप हुन्छ । कहिलेकाहीं असत्कार्यमा पनि खर्च गर्नुपर्छ, तर त्यसैमा प्रवृत्त हुनु हुँदैन । आम्दानीखर्चको बेहोरा चिनेपछि मुलुक उजार र गुल्जार भएको याद हुन्छ । राजाको मुख्य बल जनता हो । त्यसबाट भण्डारको संभार हुन्छ । गादी चिनेपछि छोटा कुलका, दुष्ट, काफर, पामर र असद्‌व्यसनमा लागेकाहरूको संगत हुँदैन । अनि धर्ममा चित्त लाएका, बडा कुलका, शूरा, सद्व्यसनमा लागेका र निमकदारसितको संगत हुन्छ । त्यस्ताका संगतले राज्य, कीर्ति बढ्ने र वैरी घट्ने हुँदै जान्छ । गादीको सामर्थ्य चिनेपछि मन्त्रबल, सैन्यबल आदि राजाका धेरै बल बढ्छन् । आफ्नो बलअबलको र मैत्री बलको याद हुन्छ । यति चिनी राजकाज गर्ने राजाको सब तरहले कल्याण हुन्छ । अनि पराजय कहिले पनि हुँदैन । यसको सारांश के छ भने सत्संग सर्वथा गर्नू, असत्संग कदापि नगर्नू । सत्संगका विषयमा एउटा महाजनको र राक्षसको कथा सुनाउंछु, सुन्नुहोस्:–

एकादेशमा एउटा महाजन थिए । उनी र उनका पुत्रपरिवार पनि सद्वृत्तमा लागेका थिए । ती महाजनलाई सत्यबाट च्युत गराई दौलत लान र मार्नेको समेत मनसुवा गरी एउटा राक्षस मानिसको रूप लिई उनका घरमा आयो । उसले भन्यो 'सेठजी, म तपाईंको सेवा गर्न आएको छु । तपाईंका कोठी जहाँजहाँ छन्, त्यहाँ त्यहाँ दुइ घडीमा पुगी समाचार ल्याउन सक्छु । एउटा प्रण के छ भने एक छिन पनि मलाई खाली नराखी काममा लाउनुपर्छ, मैले काम पाइन भने तपाईंलाई मारी दौलत लिएर जान्छु ।' राक्षसको कुरा सुन्दा असल चाकर पाएँ भनी खुशी हुँदै 'हुन्छ' भन्ने जवाफ दिए । अनि ठाउँ ठाउँमा खबर पठाउन थाले । राक्षसले पनि जुन ठाउँको खबर पनि दुइ घडीमै ल्याउन थाल्यो । महाजनले त्यस राक्षसलाई काम अह्राउँदा नित्यकर्म गर्न, खान, सुत्न र आएका इष्टमित्रसंग भेटघाट गर्ने तथा बसउठ गर्नेसम्म पनि फुर्सद पाएनन् । यो त मलाई रोग पो आइलाग्यो भनी महाजन दुःखाउँदै गए । यसै गरी एक दुइ महीना बितेपछि एक दिन तिनका घरमा एक सज्जन आए । त्यसै वेला कुराका सिलसिलामा यो सबै विस्तार सज्जनलाई बताए । सज्जनले उपाय बताए 'उसो भए एउटा काठको ठूलो खम्बा गाडी त्यसमा फलामको सिक्री घुसाएर चाकरका कटिमा बाध्नू । अनि कहिले खंबाको माथि जा, कहिले तल आ, तंलाई यही काम भयो भनी चाकरलाई काम देऊ । अनि मात्र तिमीलाई फुर्सद होला ।'

त्यस्तो उपदेश पाउँदा महाजनले पनि त्यसै गरे। यता महाजनले फुर्सद पाए। उता चाकर कायल भएर भन्यो 'म राक्षस हुँ, तिमीलाई मार्न भनी आएको थिएँ, अब मलाई छाडिदेऊ, जान्छु।' राक्षसको कुरा सुनेर महाजनले 'तँ पाप चिताएर आएको रहेछस् जा, जहिले म डाकुँला उहिले आएस्, अघिपछि घरैमा बसेस् भनी वाचाबन्धन गराई राक्षसलाई पठाए। त्यो राक्षस पनि खुशी भई आफ्ना घरमा गयो, यता महाजनले पनि सुविस्ता पाए। हेर्नुहोस्, सुवृत्त र दुर्वृत्त भनेको यस्तो हुन्छ। सत्संगले गर्दा ठूला ठूला कष्ट पनि नाश हुन्छन्' भनी राम शाहलाई मल्लले बताए। आधारातपछि दुबै जना सुते। यसरी अवधि नपुग्ज्याल तपस्या हुँदै थियो।

तिनै ताक गोरखामा लखन थापा सिद्ध भए। एक दिन पात टिप्न वनमा जाँदा त्यहाँ जटाधारी ठूला तेजवन्त बाबाजीलाई देखी प्रणाम गरे। बाबाजीले पिठिउँमा धाप दिई 'लखन थापा, तँ के खान्छस्' भनी सोध्दा उनले खीर खान्छु भने। त्यहाँपछि 'आ रे मण्डूक,' भनी डाक्दा ठूलो कल्चौंडो भएको एउटा भ्यागुतो बाटामा अलि अलि दूध चुहाउँदै आयो। लखन थापाले भदालो थापे, बाबाजीले दूध दुहे। 'त्यस तुम्बामा चामल होला झिकेर खीर पका' भनी अह्राउँदा थापाले खीर पकाए। त्यसै बखतमा पद्मासन बाँधी प्राणवायुलाई यस्ता तरहसित उठाउनू र कुण्डलिनी शक्तिलाई आधारचक्रदेखि खैंची षट्चक्र भेदन गरी सहस्रदलमा चढाउनू, उतार्नू गरेर एक्काईस आवृत्ति क्षणमा गराई क्रिया गर्न सक्ने गराए। त्यसपछि लखन थापालाई दिव्यदृष्टि भयो। अनि खीर भोजन पनि गराए। 'यस मडूण्कलाई र मलाई चिनिस् ?' भनी बाबाजीले सोधे। 'हजुर गोरखनाथ र यी मण्डूक भएकी ईश्वरी हुन्' भनी लखन थापाले विन्ति गरे। 'अब तँ सिद्ध भइस्।' भनी गोरखनाथ अन्तर्ध्यान भए। लखन थापा पनि घरमा आएर बसे। यता गोरखादरबारमा राम शाहकी मुमा देवीको अंश भएकी र बुहारीमा आफूभन्दा पनि बढी देवीको अंश देखी अह्राउनुपर्ने कुरा बुहारीलाई अह्राई आफू सल्ल्यानकोटमा गएर उहीं अन्तर्गत भइन्। आजसम्म पनि सल्ल्यानकोटमा महारानी देवीको पूजा हुँदैछ।

उता पर्वतका टाकुरामा राम शाह र नारायण मल्लले तपस्या गर्दा पाँचौं महीनामा एक दिन प्रातःकृत्य सकी दुइ घडी रात बाँकीमा जप गर्न लागेका बखतमा राम शाहका नेत्रमा तेजको झलक लागेछ। 'के हो ?' भनी नजर उघारी हेर्दा अलि टाढा कन्याको छाया जस्तो आकृति र बाहुलीले समात्न नपुग्ने ठाउँमा निर्मल शुद्ध कान्ति भएको खड्ग झल्याकझुलुक गरेको देखेछन्। निर्बल हुनाले नजर तिरमिराएको हो कि भन्ने ठानेर तपस्यामा चित्त डोलाउनु छैन, विघ्न मात्र होला भनी पटुल बाँधी जप गर्न लागे। प्रतिदिनको संख्या पुगेपछि राम शाहले नारायण मल्ललाई निर्बलीले हो कि केले हो आज कन्याको छाया जस्तो र हातले नपुग्ने ठाउँमा खड्ग झल्के जस्तो पनि देखें' भनी बताए। नारायण मल्लले भने 'हामी जसको तपस्या गर्न आएका छौं खड्गपत्रादेवी भनेकी तिनै हुन्। अघि लमजुङका सिजापती राजाले खड्गपत्रादेवीको पूजा गरी ब्राह्मणहरूलाई जप पाठ गर्न लगाए। आफूले पनि जप गरे। त्यसै वेलामा हजुरलाई भए जस्तो हुँदा ती राजाले बाहुलीले खड्ग पक्रेछन् र अलि बेरपछि झन् गह्रौं झन् गह्रौं भई थाम्न नसक्दा बाहुलीबाट खुस्कन गयो। बाहुलीले खड्ग पक्रेका प्रभावले ती सिजापती राजाले धेरै मुलुक जिते। जुन मुलुकसम्म कर्कट संक्रान्तिमा उत्मुक फाल्दछन् त्यस मुलुकसम्म यी राजाले जितेका हुन्। उत्मुक फाल्ने निशाना पनि यिनै राजाको हो। फेरि मुकुन्द सेन राजाले पनि यहाँ आई पाठपूजा गराए। उनले पनि खड्ग एक छिन मात्र समाते। थाम्न सकेनन् र छाडिदिए। त्यही प्रभावले मुकुन्द सेनले पनि धेरै मुलुक जिते। हजुरले त कन्याको र खड्गको दर्शन पाउनुभयो। खड्ग पनि देवी हुन्। हजुरले खड्ग पक्रनुभएको भए धेरै मुलुक जित्नुहुने थियो। पक्रनुभएन, मुलुक थोरै मार्नुहोला। तर जो मारेको मुलुक परन्तुसम्म ठहर्नेछ। हजुरले गरेको स्थिति सबैलाई चाहिने कुरा हुनाले रहला भने जस्तो मेरा चित्तले ठहरायो।'

यस्ता तरहले तपस्या गर्दा ६ महीना पूरा भएपछि रात्रीमा राम शाह र नारायण मल्ल दुबै जनाले पद्मासन बाँधी समाधि लगाइरहेका बेलामा अपूर्व आनन्द लाग्ने आकाशवाणी भयो। महाराज राम शाहको नाउँ उच्चारण गरी 'वरं ब्रूहि' भन्ने आवाज भयो। यस्तो शब्द सुन्दा राम शाहले 'यो विघ्न पो हो कि ?' भनी जपैमा निश्चल रहे। देवताको दर्शन भएपछि पनि किन चुप लाग्नु भयो भनी प्रतापनारायणले सोधे। 'वरं ब्रूहि, वरं ब्रूहि' भन्ने शब्द

फेरि हुँदा राम शाहको जपको संख्या पुगेको रहेछ र बडो नम्रतासंग बाहुली जोडी 'हे दीनवत्सले, दीननायिके प्रसीद, प्रसीद' भनी विन्ति गरे। 'जुमलेश्वर डिल्लीश्वर एकही गोरखेश्वर होउला' भन्ने शब्द आयो। अनि अति हर्षित भई साष्टांग दण्डवत् गरेर 'मैले शिर चढाए' भनी फेरि विन्ति गरे। त्यसपछि राम शाह र नारायण मल्ल दुवै राजाको नाम गरी 'तिमीहरु दुवै जना हात थाप, म केही दिन्छु' भन्ने शब्द हुंदा दुवै जनाले हात थापे। अनि राम शाहका बाहुलीमा श्री लक्ष्मीनारायण शालीग्राम र प्रताप–नारायणका बाहुलीमा देवीले पादुका दिइन्। दुवै जनाले स्वरूपको दर्शन नपाए पनि बडो हर्षसित बारंबार दण्डवत् गरे। त्यसपछि नारायण मल्लले "यसको अर्थ बुझ्नुभयो कि ?" भनी सोद्धा राम शाहले 'बुझें, तपाईंको र मेरो सेव्यसेवकको सम्बन्ध भयो। मैले त यस्तै बुझें तर भक्ति भने तपाईंमा अधिक जस्तो ठान्दछु' भने। अनि नारायण मल्ल बहुतै खुशी भई 'म त वृद्ध भइसकेको छु, परमेश्वरको अधिक भक्ति भए परमार्थ सप्रनेछ। बहुत योग्य कुरा मन्नु-भयो' भने।

त्यसपछि दुवै जना मिली यथेच्छ फलमूल भोजन गरेर भगवान्‌को गुणानुवाद गर्दै त्यो रात बिताए। भोलिपल्ट नित्यकर्म समाप्त गरी दुवै जना पर्वतबाट फर्के। बाटामा राम शाहलाई मल्लले भने 'हजुरले सबैलाइ आनन्द हुने, आफूले गरेको स्थिति सबैले मान्नुपर्ने र परसम्म ठहर्ने यस्तो कुनै कुरा कल्पना गर्नुहोस्" भने। गलकोटका अम्बलमा आइपुगेपछि अरू पांच राजाहरूलाई चिट्ठी लेखी झिकाए। अनि आफू-समेत छ राजा भएर धेरै ब्राह्मणहरूलाई निमन्त्रणा गरी होम यज्ञादिद्वारा पुरश्चरणको सांगता गरे। यज्ञका अन्तमा छ राजाहरूले वरदानको शब्द बोली "जुमलेश्वर डिल्लीश्वर एकै गोरखेश्वर" भनी टीका चढाएर "मुलुक नमारे पनि हजुरलाई भवानीको वरदान हुनाले हामीले महाराज भनी मान्यौं। अब उप्रान्त हामी सबैले हजुरको हुकुम शिर चढायौं। पछिसम्म हठर्ने अनन्त कीर्ति भएको स्थिति होओस्' भनी विन्ति गरे।

त्यसै बखतमा राम शाहको सवारी चलाउन भनी गोरखाबाट भारदारहरु हाजिर भए। राम शाहले त्यहीं केही स्थिति गरे:– अघि प्रजाहरूले व्यवहार गर्दा बांसका ढुङ्गा, थाह्री, डाला यस्तै वस्तुले व्यवहार गर्ने गरिआएको मा राम शाहले दश मूठीको एक मानु, आठ मानाको एक पाथी, बीस पाथीको एक मुरी भन्ने यस्तै मानापाथीको व्यवहार गर्ने विषयमा र बोडी, पल, बिसौली, धार्नी भन्ने तौलने विषयमा चलनको व्यवस्था बाँधी माना, पाथी, तुला यी तीन थोकले चलन गर्नू भन्ने स्थितिको बन्देज गरे। ऋणका विषयमा जति वर्ष रहे पनि प्रतिवर्ष ब्याज बढ्दै जाँदा असामी कहिले पनि नउक्सने हुनाले नगदको दोबर र जिन्सीको तेबरभन्दा बढी नलिनू। बोक्सीका हकमा वादी नदिनू, जिते पगरी र पाँच रूपैयाँ दिनू, हारे एक रुपैयाँ दण्ड गरी देश निकालिदिनू। पनेरामा धेरै स्त्रीजाति चाक-रबाकरहरू जो अघि पुग्यो उसले पानी थापी भरी ल्याउनू, त्यसभन्दा पछिपछिकाले पालैसंग पानी ल्याउनू। त्यसमा केही झगडा भयो भने कचहरी गरी कुरा नसुन्नू। कोलमा यस्तै गरी पाला पालाले पेल्नू। कुलाको स्थिति पनि आफ्ना आफ्ना खेतका हिसाबमा आएका हिसाबले पानी लाउनू। यसमा झगडा भयो भने नसुन्नू। अघि जमीनमा यति मुरी यति खेत भन्ने केही नहुँदा ब्राह्मणलाई बिर्ता दिएकामा पनि दातालाई प्रत्यवाय लाग्ने र लिनेलाई पनि यकीन नहुने थियो। फलानो खोलो वा फलानो बाटोभित्र भन्ने लेखिंदा दबाई खाएको थाहा नहुने तथा रैकर र बिर्ताको ठेगान नहुने चलन चलिआएको थियो। राजाको भूमि, चौतरियाको झारी, काजीको विन्ति, पञ्च भलामानिसको साँध यस्तो व्यवस्था भयो। अबउप्रान्त यो रीत नबुझाई दान गर्नेले पनि नगर्नू, लिनेले पनि नलिनू।

महाराज राम शाहले यस्ता धेरै प्रकारका बन्देज स्थितिको व्यवस्था गर्दा नारायण मल्लसमेत छ जना राजा-हरूले आफ्ना मुलुकका व्यवहारमा यही स्थितिले व्यवहार चलाउन लागे। अरू राजाहरूका मुलुकमा पनि राम शाह-बाट बाँधेको स्थिति सबैले व्यवहारमा चल्ने देखी उनीहरूले सोबमोजिम काम गर्न लागे। जुमला, पर्वत र पाल्पाका राजाहरूले पनि "अघि जुमलाका सिंजापती राजाले धेरै मुलुक मारे, मुकुन्द सेनले पनि धेरै मुलुक मारे, तर स्थिति बाँधन भने सकेनन्, राम शाहले त मुलुकै नमारी सबैलाई आनन्द हुने, पछिसम्म अचल भइरहने र सबैलाई चाहिने यस्तो अपूर्व स्थिति बाँधी अनन्त कीर्ति राखे। परिणाममा बाईसी र चौबीसीको मुलुक पनि यिनैका सन्तानको होला कि भने जस्तो देखिन्छ। "यस्तो कुरा गर्न लागे। त्यसमा पनि पर्वतका राजा श्री राम मल्लले त "यी यस्ता बडा

राजा हुने रहेछन्, यिनलाई अनादर गर्न जानेनछौं" भनी बहुतै पश्चात्ताप गरे।

त्यसपछि गोरखाका भारदार प्रजाहरूले शुभ मुहुर्त हेरी राम शाहको सवारी गोरखातर्फ चलाए। गोरखामा सवारी पुगेपछि सबै प्रजाहरूले नृत्य गीत वाद्यहरूले संयुक्त भएको ठूलो मङ्गल उत्सव गरी सिन्दूरयात्रा गर्दै राम शाहलाई गोरखादरबारमा प्रवेश गराए। त्यसका केही दिनपछि जुमला, पर्वत, पाल्पालगायत सबै बाईसी चौबीसी राजाहरूले आफ्नाआफ्ना देशका चीजहरू सौगात लिई गोरखाका महाराज राम शाहकहाँ दर्शन गर्न वकिलहरू पठाए। वकिलहरूले सौगात र खल तारपत्रहरू चढाई दर्शन गरे। त्यस खल तारपत्रमा लेखिएको बेहोरा यस्तो थियो:–

"राजा प्रजा सबै प्राणीहरूलाई व्यवहार चलाउन भनी अघि अघिका ठूला ठूला राजाहरूले पनि बाँध्न नसकेको स्थिति आज हजुरका पालामा हजुरबाट पछिसम्म कीर्ति रहने यस्तो अनुपम स्थिति बाँधिबक्सनुभयो। त्यस स्थिति रूपी कीर्तिले ढाकिएका हामी सकल राजाहरू मनुष्यको आकृति भएका मात्र रहेछौं। हजुर मात्र परमपुरुषको चिह्नले संयुक्त हुनुहुँदो रहेछ।"

त्यसपछि राम शाह गादीमा बसी गोरखाका सब भारदार बटुलेर आफूले बाँधेको स्थिति सुनाई यही स्थितिले व्यवहार चलाउनू भनी हुकुम गरे। 'अघि बुबाज्यू श्री महाराज द्रव्य शाहलाई गोरखा तखतमा राज गराउनेका छोरानातिहरूको पनि एक बन्देज गरिदिन्छु। अब उप्रान्त पाण्डे, पन्त, अर्ज्याल, खनाल, राना, बोहरा, तिमीहरू गद्दी-नरसिङ्का अङ्ग भएका छ थर भयौ। तिमीहरू छ थर बाँधेको के अर्थले भने चौतरिया, काजी, सरदार प्रभृति भारदारहरू कसैले अध्यायमा लागि बिचार गर्न प्रवृत्त नहोऊन् भनी मेरो अंग तुल्याएको हो। तिमीहरू छ थरले गादीको सेको गरुन्ज्याल हाम्रा सन्तान दरसन्तानले तिम्रा सन्तान दरसन्तानलाई नफेर्नू भन्ने स्थिति बन्देज गरिदिएं। फेरि ब्राह्मणलाई बिर्ता दान, देवताको गूठी, र गौचरहरू संकल्प हुँदा चौतरिया भनेका आफ्ना भाइ हुन्। भाइ भनेको मुख्य अंग हो। अंग पूर्ण गरी दान गरेको आफूलाई यथोक्त फल हुन्छ भनी चौतरियाको कारी भनेको हो। छ थरप्रभृति पंच भलादमिस साँधभाइहरू बसी यति मुरी, यति खेत, यति पाखो भनी निकास नैसार सन्धिसर्पनको विचार राखी चार किल्ला राखी साँध लाइदिनू। पाँचको साँध भनेको यही हो।' यति बन्देज गरेपछि यही स्थितिले काम चल्न लाग्यो।

महाराज राम शाहकी अर्की रानीतर्फ पैदा भएका साहेबज्यू प्राण शाह, नारायण शाह, विक्रम शाह यी तीन जना आफ्ना छोरालाई चौतरिया काजी सरदार तुल्याए। फेरि बगाले अर्ज्याललाई मूलपुरोहित, बिहोर अर्ज्याललाई आचार्य, खनाललाई ब्रह्मा र भट्टराईलाई गणेश भनी चार पुरोहितको बन्दोबस्त गरे। अघि द्रव्य शाहको गोरखा तखतमा प्रवेश हुँदा पहिले तल्ला कोटमा गादी परेको हुनाले पाँडेलाई तल्ला कोटको पुरोहित्याइं दिए। आजपर्यन्त तल्ला कोटमा पाँडे पुरोहित छंदैछन्। तल्ला कोटमा श्री .... ... देवताको स्थापना र बलिदान नभई दरबारमा स्थापना र बलिदान नगर्नू भन्ने स्थिति भयो। फेरि ग्याङ्जा थापालाई ढढा भन्ने मान दिए। तुरुक्षाको आले, ग्याङ्जा थापा, ग्याङजाली राना तिमी तीन थरले आलोपालो गरी कपर्दारी काम गर्नू भनी कपर्दारी मान दिए। पाँडे, पन्त, अर्ज्याल यी तीन थरले आलोपालो गरी खजानाको पगरी उठाउनू भन्ने बन्देज गरे। भान्से, खरिदार, धर्माधिकार यी तीन थोक पनि अर्ज्यालले पाए।

त्यसपछि हाम्रा कुलदेवता यिनै हुन् कि अदलबदल भएका रहेछन् बुझ्नुपर्‍यो भनी छ थरका एक एक जनालाई खटाए। कसरी बुझ्ने हो भनी छ थरले बिन्ति गर्दा महाराजले भने 'राणा राठोर, हाड', कछवा, चितवर, उदयपुर, जोधपुर, कोटा, बुंदी, जयपुर र कारवाड यति अघि पद्मिनी लक्षणसंयुक्त मैयाँ दिएन भन्ने कुरामा हाम्रा राणाजीहरूको बादशाहसंग इतराजी पर्दा ठूलो लडाई भयो र शाखाबन्धी हुँदा ठूला ठूला पगरी परे। साना बालक र गर्भवती पाहाड लागेका थिए। उनलाई हामीले राजा थापिराखेका छौं। शाखाबन्धी भएको हो होइन भनी सोध्नू 'भनी यस विषयको खल तारपत्र पनि तयार गरी दिए। कस्तूरी, बाज, चमर र चरेससमेत सौगात तयार गरी बाटाखर्चसमेत दिएर उनीहरूलाई बिदा गरे। फेरि राम शाहले भने 'तिमीहरू छ थर किन पठाएको हो भने तपस्या र विद्याले हीन भएका ब्राह्मण, घा र कटकले हीन भएका राजा, बेपार बिग्रेका बनियाँ र खेती बिग्रेको शूद्र यी चार जात

हुन्छन् । तसर्थ राजाले घा कटकको बखत चिह्नी घा गर्ने बेलामा घा र कटक गर्ने बेलामा कटक गर्छ भने त्यसको सर्वथा जय हुन्छ । घा भनेको द्रव्य लिनुदिनु गरी दोस्तानी बाँध्नु हो । यस्ता तरहले अट्ठार प्रकारका घा छन् । राजा भई ठाउँ ठाउँ र देश देशका राजाहरूसंग घा दोस्तानी बाँधे वैरी लडाई गर्न आएका बखतमा सहायता पाइन्छ । त्यसकारण घा गर्नाले आफ्नो भर अरू राजालाई र अरू राजाको भर आफूलाई हुँदा राजाको राज्यलक्ष्मी स्थिर हुन्छ ।" यति राम शाहको राजनीतिको उपदेश सुनेपछि छ थरहरू पनि बिदा भए ।

चितवर गढ उदयपुरमा पुगेपछि छ थरहरूले सरसौगात बस्ता तरहले चढाउनुपर्ने हो परिपाठ मिलाएर सिसौदिया राणाजीलाई चढाए । अनि राणाको वैठकमा गई बातचित हुँदा खल तारपत्र देखाए । त्यसबाट बहुतै प्रसन्न भई राणाले भने 'पद्मिनी मैयाँको कुरा साँचो हो । बादशाहसित ठूलो लडाई भई शाखाबन्दी हुँदा हाम्रा भाइबन्धु यत्रतत्र भएका थिए । यहाँ नजीकमा रहेका भाइबन्धु त सबै सामेल भए । तर एक दुइ गर्भवती रानी र एक दुइ साना बालक साहेबज्यू पहाडतर्फ लागेका थिए । कहाँ छन् र कस्ता तरहले रहेका छन् भन्ने थियो, तिमीहरूले खबर ल्याउँदा दिलमा बहुत आनन्द भयो ।' अनि ती गएका वकीलहरूलाई स्नेहपूर्वक मेजमानी खानपीन दिई केही दिन त्यहीं राखे । त्यहाँ रहुञ्ज्याल छ थरहरू सिसौदिया महाराजका कचहरीमा बराबर जान्थे ।

एक दिन 'हजुरका कुलदेवता कुन हुन् र चिठीको प्रशस्ति के हो ?' भनी राणासंग वकिलले सोधे । राणा महाराजले कुलदेवता बताई 'प्रशस्ति त यो हो, तर पहाडका राजा भएपछि प्रशस्तिको मोहडा केही फेर्नुपर्ला । बादशाहसित कुरा गरी ठेगाना गर्नू' वकिलहरूमा पाण्डे, पन्त र अर्ज्याल दिल्लीमा जानू । अरू तीन थर हाम्रा राजाको मैयादहरू नवकोटप्रभृति सात टीका छन् । त्यस त्यस ठाउँमा गई के मर्यादा रहेछ र कस्तो व्यवस्था रहेछ बुझी पछि सबै एकै ठाउँमा भेला हुनू' भनी चाहिंदो बाटाखर्च र खिल्लत दिई बिदा गरे ।

त्यसपछि पाण्डे, पन्त र अर्ज्यालहरू दिल्लीतर्फ लागे । दिल्ली पुगेपछि बादशाहको सवारी बाहिर हुने मौकामा हामीहरू धनु, ठोक्रो, ठाडी र खुकुरी भिरेका तथा ढाल र खुंडा बाँधेका छौं, बेग्लै बसौं । त्यसो भए देशी र हामी अलग्गै छुट्टिन्छौं । बोल्दा देशी पक्की भाषा जान्नेले बोल्नू । यस्तो सल्लाह गरी बादशाहलाई चढाउने सौगात लिएर अलग्गै खडा भइरहे । केही बेरपछि बादशाहको सवारी भयो । बादशाहले यिनीहरू कहाँका हुन् बुझ भने । वकिलहरूले बताए 'हामी गोरखेश्वर महाराजबाट आएका वकिल हौं' भनी सौगात पनि चढाए । राणाजी महाराजले बादशाहलाई लेख्ने खल तारपत्रको बेहोरा सिकाइदिएको हुनाले आफैले तयार गरेको खल तारपत्र पनि चढाए । बादशाहले तिनीहरूलाई धनु लिएका र भोल्टो लाएका देख्दा 'त्यो कस्ता तरहले हान्छौ ? त्यसको मार कस्तो हुन्छ ?' भनी सोधे । उनीहरूले यस्ता तरहले हान्छौं भनी क्रिया देखाए ।

त्यसपछि बादशाहले आफ्ना हजारौं तीरन्दाजीहरूलाई बोलाई तामाको निशाना राखेर हान्न लगाए । तिनमा हजारमा उएटाले मात्र निशाना मारे । बादशाहले वकिलहरूलाई पनि निशाना मार्न सक्छौ कि भनी सोधनी गरे । 'हाम्रा देशमा तामाको निशाना त जोसुकै पनि मार्न सक्छन् । त्यसको के महिमा छ र ? पटनाको निशाना थापे हाम्रो धनु हान्ने तजबीज नजर हुनेछ' भनी वकिलहरूले भने । बादशाहले पटनाको निशाना राखी 'लौ हान' भन्ने हुकुम गरे । उनीहरूले तीन पटक हान्दा एउटै नबिराई निशाना मारे । त्यसपछि 'सोझो मात्र हान्छौ कि, साह्रो पनि हान्छौ ?' भन्ने हुकुम गरे । हामी 'साह्रो पनि हान्छौं' भन्ने बिन्ति गरे । अनि एउटा भैंसी ल्याई आफ्ना तीरन्दाजलाई पहिले हान्न लगाउँदा अलिअलि गाडिने र डाम मात्र लागी खस्ने भयो । गोरखालीलाई हान्न लगाउँदा त काँड गाडिई वारपार बुड्यो । यिनीहरूको साह्रो सोझो दुवै किसिमको हुनाइ देख्दा बादशाह बहुतै खुशी भए । शालदोसल्ला र खिल्लत दिई बादशाह दरबार भित्रिए । उनीहरू पनि आफ्ना डेरातिर लागे ।

एक दिन बादशाहले आफ्नो कचहरीमा बोलाई भने 'तिमीहरूको किस्मत देख्दा म बहुत खुशी भएँ । तिमीहरू यहीं बस । जिमीजग्गा, दर्जा र दर्माहा प्रशस्त दिउँला । मैले दिनु तिम्रा राजाले के दिनन् ?' अनि गोरखाका वकिलहरूले 'बादशाह हजरत, हामी निमकहराम भई कसरी हजुरमा रहौं ? अहिले त हजुरले जिमीजग्गा र दर्माहा

बक्सिएला र बसौंला । भोलि हजुरले भन्दा झन् धेरै दिने अरू मिले भने के गर्ने ?, फेरि उतैतिर लाग्नुपर्ला । यस्तो निमकहराम काम गर्ने सेवक पनि दुःख पाउँछ, यस्तो सेवक संग्रह गर्ने मालिक पनि बिग्रन्छ । हामीले त जसको निमक खाएका छौं, उसको कार्यमा जीउधन सर्वस्व भए पनि सहन्छौं ।' भनी बिन्ति गरे ।

वकिलहरूको कुरा सुन्दा बादशाह अति खुशी भई 'तिमीहरू निमकको सोझो गर्ने बुद्धिमान् रहेछौ । तिम्रा राजाको मुलुक पनि ठूलै होला ।' भने । 'बाह्र हजारको मुलुक छ भनी वकिलहरूले भने । 'मुलुक त सानै रहेछ' भनी बादशाहले भन्दा कुरो अलिक खस्केछ भन्ने ठानी 'हामी बाह्र हजारिया हुँ । ब्राह्मण, क्षत्रीय, वैश्य, शूद्रदेखि लिई तेली, धोबी पर्यन्तका सबै जात बाह्र बाह्र हजार हुनाले बाह्र हजारिया कहलाएका हौं भनेर सच्याई विन्ति गरे । 'उसो भए मुलुक त ठूलै रहेछ । तिमीहरू यहाँ के कामले आएका हौ ?' भनी बादशाहले सोधे । 'सिसौदिया राणाजी महाराज पहाडमा पाल्नुभई राजा हुनुभएको छ ।' हामी पहाडका राजा भयौं । हाम्रो प्रशस्ति कुन हो । बादशाहबाट निकासा गरी ल्याऊ भन्ने हाम्रा राजाबाट हुकुम हुँदा हामी आएका हौं भनी विन्ति गरे । आफूले ल्याएको राणाजीको प्रशस्ति पनि नजर गराए । बादशाहले पण्डितहरू बोलाई अगाडिको मोहडा फेर्न लगाए । 'गिरिराज चक्र चूडामणि' यति मात्र फेरे हुन्छ भनी पण्डितहरूले विन्ति गरे । यही प्रशस्तिले राम शाहलाई खल तारपत्र लेखे । बादशाहले सौगात र वकिलहरूलाई खिल्लतसमेत दिएर बिदा गरे । वकिलहरू दिल्लीबाट हिँडेर गोरखातिरको बाटातर्फ लागे । अघि सिसौदिया महाराजले दिएका सल्लाहअनुसार उनका मैयाद रहेका ठाउँ ठाउँमा बुझ्न भनी गएका तीन थर वकिलहरू बीच बाटामा आई यिनीहरूलाई पर्खिरहेका थिए । दुवै दलले भेट गरी सबै गोरखामा पुगे ।

काम फत्य गरी आएका वकिलहरूले महाराज राम शाहको दर्शन गरी राणाजीले कहेका कुलदेवताको विस्तार र बादशाहसंग भएको विस्तार तथा अरू राणाजी राजारजौटाहरूको हालसमेत क्रमैसंग विन्ति गरे । महाराज राम शाहले पनि 'तिमीहरूलाई छ थर तुल्याउन जानेछु' भने । त्यसपछि महाराजबाट कचहरीका मर्यादाको व्यवस्था पनि निम्न लेखिएअनुसार बाँधेः-

महाराजलाई नाम पुकारी बोलाउँदा सबै जातले महाराजाधिराज भनी विन्ति गर्नू । चौतरियालाई नाम पुकारी बोलाउँदा गरीबपरवर बन्दे नेवाज भनी सबैले विन्ति गर्नू । काजी, सरदार र भरभारदार भएका ब्राह्मण, खस, मगरप्रभृतिलाई बोलाउँदा देवान, काजी, मुखिया, जीउ, जी भनी पुकारेर जो आज्ञा भनी बोल्नू । महाराजका हजुरमा छँदामा चौतरिया र साहेबज्यू आए महाराजलाई बक्साई आशीर्वाद गर्नेले आशीर्वाद र सलाम गर्नेले सलाम गर्नू । महाराजका हजुरमा बाबुकाकाहरू आएमा ढोगभेट नगर्नू । गुरुज्यूलाई महाराजको दर्शन गर्ने बखत परेको छ भने सबैले दर्शन गर्नू । अघिपछि महाराजलाई बक्साई मात्र गर्नू । महाराजका नजीकका साहिनाका माननीय चौतरिया छन् भने महाराज गादीमा राज भएका बखत एक सलाम गर्नू । अन्यत्र दुइ सलाम गर्नू । अरू टाढाका भाइहरूले महाराजलाई कुर्नेस बजाउनू । नजीकका काका, दाज्यू, बाबा पर्नेका रानीहरूलाई महारानीले ढोगभेट गर्नू । महाराजबाट केही हुकुम भई जानुपर्दा पीठ नपारी पछिपछि हट्दै नदेखिने भएपछि पीठ फिराई जानू । महाराजको नजर परुन्ज्याल पीठ नफिराउनू । महाराजका कचहरीमा (मोछ) जुंगाको ताउ नलाउनू । उपरखुट्टी लाई नबस्नू । भाइ चौतरियालाई दाहिनातर्फ बिछ्याउनामा राख्नू । गुरुलाई अगाडि चारपाटेमा राख्नू । आफ्ना भाइ काजी भए तिनलाई बायाँतिर राख्नू । ब्राह्मण, खस, मगर काजी भए हुकुमले बस्नू नभनेसंम खडा रहनू । महाराज बैठकमा राज भएको भए कोही छैनन् भने द्वारे साथी विन्ति पारी हुकुम भए जानू, उसै नजानू । द्वारे मान खाने जातले मात्र खानू, अरूले नखानू ।

त्यसपछि राम शाहले अरू धेरै कुरा खुलस्त गरी व्यवस्था गरे । गौचर संकल्प गर्नू भनेको अर्थ के हो भने गोब्राह्मणको रक्षा राजैबाट हुन्छ । तसर्थ गौचर नरहे राजालाई प्रत्यवाय लाग्छ भनी गाउँ गाउँमा यति कमीत गर्नू र यति गौचर राख्नू भन्ने व्यवस्था गर्नू । बाटाको रूख नकाट्नू भनेको दुःखी गरीबहरू कामकाज गरी थाकेर भारी बोकी आउने जोकोही बाटामा हिड्नेहरूलाई पनि गर्मी हुन्छ भनी बाटामा रूख लाउनू । जो काट्ला उसलाई पाँच रुपैयाँ दण्ड गरी लिनू । पनेरानिरको रूख काटे उघारो हुन्छ र जमीन सुक्खा हुँदा पानी सुक्छ । तसर्थ

पनेराका रूख काट्नेलाई पनि पाँच रुपियाँ दण्ड गर्नू । वन पाल्नू भनेको के हो भने वन धेरै काटे उघारो भई पैह्रो जान्छ । वन नहुँदा गृहस्थीको कुनै काम पनि चल्दैन । त्यसैले वन पाल्नू । चौतरिया भाइ र गोत्रीयहरूले जीवसन्धिको विराम गरे विदेश गराउनू । ब्राह्मणले जीवसन्धिको विराम गरे मुडी देश निकाला गरिदिनू । भाइ गोत्रीयहरूलाई विदेश गर्नू भनेको के अर्थले भने जीउ लिनेको जीउ लिनू र गोत्रहत्या नगर्नू भन्ने पनि धर्मशास्त्रमा लेखिएको भई जीउ लिनेको जीउ नलिए पनि दोष लाग्ने, गोत्रहत्या गरे पनि प्रत्यवाय लाग्ने परस्पर विरोध हुँदा देशनिकाला गरे पनि मारे तुल्य हुन्छ भनी धर्मशास्त्रमा लेखिएको हुनाले गोत्रीयलाई देशनिकाला गर्नू भनेको हो । ब्राह्मणका विषयमा मारे ब्रह्महत्या लाग्ने हुँदा मुडे पनि मारे तुल्य हुन्छ भनी शास्त्रमा लेखिएको हुनाले देशनिकाला गर्नू भनेको हो । अरू जात मगर खसहरूलाई जीउ लिनुपर्ने खतमा जीउनै लिनू । जसको पाप उसको गर्धन गर्नू । सुनको गहना पटबन्दी महारानीले मात्र पाउमा लाउनू भनेको के हो भने सुवर्ण र राजा यी दुबै विष्णुका अंश तथा महारानी लक्ष्मीका अंश हुनाले सुवर्णको गहना पाउमा पहिरनू । भाइ चौतरियाका रानीहरूले महारानीबाट बक्से सुवर्णको गहना पाउमा लाउनू, नबक्से पाउबाहेक अरू ठाउँमा लाउनू । भाइ चौतरियाका रौतेला रौतेलीहरूले बालकपनमा मात्र सुवर्णको गहना लाउनू, युवा भएपछि नलाउनू । ब्राह्मणादि खस मगरहरूले सरकार बक्साई सुवर्णका गहना हातमा लाउनू । नबक्साई हातपाउबाहेक अन्यत्र लाउनू । इत्यादि महाराज राम शाहले बन्देजको स्थिति गरे ।

एक दिन श्री साहेबज्यू पैदा हुँदा बडा हर्षले धेरै ब्राम्हणहरूलाई निमन्त्रणा गरी नामकर्ममा 'श्री डम्बर शाह' भन्ने नाउँ राखे । त्यसपछि लखन थापालाई राम शाहको सहायता गरेस् भन्ने श्री गोरखनाथबाट हुकुम हुँदा राम शाहको सेवामा रहेको थियो । कुनै दिन लखन थापा एकाएक हाँस्यो र सभामा 'किन हाँसिस् ?' भनी सोधनी हुँदा 'पाल्पाली राजाका सभामा नाच हुन लागेको थियो । त्यहाँ नाच्ने स्त्रीको सारी खुस्क्यो र अरू सबै हाँसे, म पनि हाँसें' भनी विन्ति गर्‍यो । 'यहाँ बसी पाल्पाको कुरा कसरी देखिस्' भनी हुकुम भयो ।' यो बात साँचो हो, बुझिबक्सियोस्' भनी फेरि विन्ति गर्‍यो । त्यो घडीपला र रोज लेखी बुझ्न पठाउँदा 'त्यस बखतमा लखन थापा यहीं बसेका थिए । यहाँ नाच चलिरहेको थियो । नाच्दा नाच्दै नाच्ने स्त्रीको सारी खुस्कंदा सबै हाँसेका हुन्' भन्ने पाल्पाबाट उत्तर आयो । अर्को दिन राजसभामा आफूले ओढेको खास्टो अकस्मात् निचोर्न लागे र खास्टाबाट पानीको धारा लाग्यो ।' किन खास्टो निचोर्‍यौ' भन्ने हुकुम हुँदा 'अहिले काली गण्डकीमा डुंगा डुब्यो र डुबेका मानिसहरूलाई झिक्दा मेरो लुगा भिज्यो र निचोरेको हो' भनी विन्ति गरे । त्यो कुरा हो होइन भनी बुझ्न पठाउँदा 'डुंगा डुबेको र डुबेका मानिसहरूलाई लखन थापाले उतारेको हो' भन्ने अर्जी आयो ।

एक दिन 'तिमी ठूला सिद्ध रहेछौ, कसरी सिद्ध भयौ?' भनी हुकुम हुँदा पहिले थापाले धेरै छलछाम गरे । 'मैले सोधेको जस्ताको तस्तो उत्तर देऊ' भन्ने हुकुम हुँदा आफू सिद्ध भएको, श्री गोरखानाथबाट वरप्रसाद पाएको र महाराजको सहायता गरेस् भन्ने आज्ञा भएको समेत सबै पूर्व–वृत्तान्त विस्तार गरे । त्यसपछि राम शाहले हर्षायमान भई 'मलाई नेपालको इच्छा छ कसो हो ?' भने । 'यो कुरा मसंग किन हुकुम हुन्छ ? महारानी साक्षात् देवीको अवतार हुनुहुन्छ, उहीं हुकुम होओस्' भनी लखन थापाले विन्ति गरे । 'मेरी रानीको यस्तो कुरा म केही चाल पाउँदिन, कसरी पत्यार गरूँ' भनी हुकुम भयो । लखन थापाले विन्ति गरे 'देवी महारानीको चमत्कार मैले देखेको केही विन्ति गर्छु सुनिबक्सियोस् :-

एक दिन ज्यूनार गराउनालाई भुजा रचेर टक्र्याई अरू तरकारी टक्र्याउनालाई सरजाम लिन अन्यत्र मोहडा फिराएर सरजाम टक्र्याउन फिर्दा भुजा र तिहुन खाली देखियो । यो केले खायो ? यहाँ त कोही छैन । मैले टक्र्याउन बिर्सें कि त भनी फेरि टक्र्याउनुभयो । दुइ तीन दिन यस्तै भयो र चौथा दिनमा आत्मज्ञानले विचार गर्दा श्री गोरखनाथबाट खाएको ठहरियो । भुजाहरू फेरि टक्र्याई उहीं नजर लगाउँदा श्री गोरखनाथको स्वरूप प्रत्यक्ष देखियो अनि 'मलाई छल किन गर्नुभयो ? यो कुरो चाहियो भने जस्तो चाहियो उस्तै म टक्र्याइद्यालयें' भनी महारानीबाट हुकुम भयो । 'लिनेदिने व्यवहार केही नभएको हुनाले छल नगरी संवाद नहुने हुँदा छल गरेको हो । मनुष्यको जन्म छ मनुष्यै हुँ भन्ने नठान । लक्ष्मी र काली दुवैका अंशले अवतार लिएकी हौ भन्ने संकाउन मात्र आएको

हुँ । मैले द्रव्य शाहलाई आशीर्वाद दिइसकेको छु । त्यो चाँडै सफल होओस् भनी गोरखनाथबाट आज्ञा भयो । आफैं साक्षात् अवतार हुनुहुन्छ, अब मैले के गर्नुपर्‍यो ?' भनी महारानीबाट हुकुम भयो । 'सकल देहधारीहरूको र देवताहरूको सामर्थ्यसंयुक्त अधिष्ठानस्वरूप शक्तिलाई मानेको छ । तसर्थ मेरो वरदानको पूर्ति तिमीबाट हुन्छ' भन्ने गोरखनाथबाट आज्ञा भयो । दुइ चार दिनपछि 'मत्स्यगंडी र धर्मनदीका वेणीमा हामी सबै भेला भई बात-चित गरौंला' भनी महारानीबाट हुकुम भयो । अनि श्री गोरखनाथ अन्तर्धान हुनुभयो ।

एक दिन उक्त वेणीमा महारानी, म र अरू देवताहरू भेला हुनेछौं तँ पनि त्यहीं आएस् । महारानीको सवारी कस्ता प्रकारले हुँदो रहेछ, त्यो पनि हेर ' भनी श्री गोरखनाथबाट मर्जी भयो । त्यस दिन मैले आफ्नो स्वरूप छिपाई पटाँगिनीमा आएँ । सवारी हुने बखतमा मैले त महारानीलाई केटी ठानें । ईश्वरीको अन्त लिन खोजेको त मलाई मोह भयो । सवारी हुंदा साथमा रहेका गणहरूले 'आफ्नो स्वरूप लुकाई सिद्धत्व देखाएको किन हो ?' भनेर ललकारी भन्दा स्वप्नदेखि जागे जस्तो भएँ । हेर्छु त अघि देखेका केटीहरू देखिएनन् । हे परमेश्वरी, मैले हजुरको अन्त लिन जानिन । श्री गोरखनाथज्यूले तँ पनि पूजाको सरजाम लिई वेणीमा आएस् भन्नुभएको हुनाले आएको हुँ । मेरो अपराध क्षमा होओस्' भनी दण्डवत् प्रणाम गरें ।

त्यसपछि दरबारको ढोकाबाट एक पुरुष निस्क्यो । त्यसपछि एक स्त्री निस्की उसका पछि लागिन् । म जुन काममा गएको थिएं, त्यो काम पनि बिर्सन पुगें । यी स्त्री को हुन् ? यो पुरुष को हो ? यिनीहरू कहिले पनि देखिन्थे । यस पुरुषलाई एक लात्ती दिई प्रभुको सोझो गर्नुपर्‍यो भन्ने सम्झी तरवार झिकेर पछिपछि दौडें । अकस्मात् त्यो पुरुष सिंह बन्यो । स्त्री चाहिं महारानीको रूपमा सिंहमा सवार हुनुभयो । म ताजुब भई पुलुपुलु हेर्न लागें । 'हामी जस्ताले सिद्ध भयौं भनी शेखी गर्नु त व्यर्थ हो । मेरो अभिप्राय बुझेर मेरो अन्त लिन खोज्यो भनी हजुरबाट दुइ पटक माया गरी छल गर्नुभयो । इन्द्रादि देवताहरू पनि हजुरको माया बुझ्न सक्दैनन् भने म जस्ताले कहिले अन्त लिन सक्थें' भनी बहुतै क्षमापन मागी साष्टांग दण्डवत् गरें ।

महारानीबाट 'तँ पनि अघि लाग्' भन्ने हुकुम हुँदा अघि लागें । वेणीमा पुगेपछि श्री गोरखनाथप्रभृति सबै देवताहरूको समागम भएको रहेछ । श्री गोरखनाथले 'लखन थापा, तैंले ल्याएका सामग्रीले यस्ता विधानले पूजा गर्" भनी सिकाउनुभयो । अरु देवताहरूको पूजा सकी विशेष विधिपूर्वक महारानीको पूजा हुंदा प्रसन्न भई 'किन पूजा गरेको ?' भन्ने हुकुम भयो । 'अघि श्री गोरखनाथबाट द्रव्य शाहलाई जुन प्रकारले वरदान भएको हो, त्यो सफल गराई यस परिबन्दले मेरा सन्तानको जय हुनेछ भन्ने हुकुम होओस्' भनी मैले विन्ति गरें । 'बेश विन्ति गरिस् । म वरदान दिउंला, त्यो संयोग तैंले पारेस् । मनकामना जो हुन् सो म हुँ । आजदेखि मेरो पूजा तेरा सन्तानदरसन्तानले दिन दिन गर्नू' भन्ने हुकुम भयो । त्यसपछि श्री गोरखनाथ अन्तर्धान हुनुभयो । अरू देवताहरू पनि आआफ्ना स्थान-मा गए । महारानी पनि दरबारमा सवारी भयो । सवारी भित्रिएपछि म पनि घर आए । यो कुरा वर्षदिन अगाडिको हो । आजकाल पनि महारानी पर्व पर्वमा कहिलेकहीं सिंहमा चढी बडा बडा पीठमा पाउलाग्नुहुन्छ ।

'अब म कस्ता प्रकारले भेट पाउँला, सो उपदेश गर' भनी राम शाहले भन्दा 'महाराज, अष्टमी वा चतुर्दशीका रात्रीमा पाँच घडी रात बाँकी छंदा जागा भइबक्सियोस् । महारानीको गाथ चिसो भइरहेको होला । त्यस बखत 'मेरो अंग तातो तर तिम्रो अंग किन चिसो भएको ?' भन्ने हुकुम होओस् । उतिनखेरि तातो हुनेछ । यो पहिले परीक्षा गरिबक्सियोस् । फेरि भौमाष्टमीका दिन तुलसीदासले शक्ति ब्रह्मको पूजा गर्नेछन् । त्यहाँ पनि महारानी जानुहुनेछ । त्यस दिनका रात्रीमा सुकला नगरी जागा रहिबक्सियोस् । काशी पुगी रात १ प्रहर बाँकी छँदा यहाँ आइपुग्नुहुनेछ । त्यस बखत बाहिर पटाँगिनीमा राज होओस् । महारानीलाई सिंहमा सवार भई पाल्नुभएको नजर हुनेछ । त्यस बखत हजुरले यो को हो ? भनी पक्रन तयार भएपछि बडो नम्र भई हजुरका पाउमा पर्न आउनुहुनेछ । त्यसै बेला हजुरबाट जे जे चाहिन्छ सो सो वरदान विन्ति गरिबक्सियोस् ।' भनी लखन थापाले विन्ति गरे । यो कुरा सुनेपछि राम शाह पनि खूब खुशी भए । त्यसपछि जुन जुन परीक्षा गरेका थिए सबै प्रत्यक्ष भयो । अघि भनेको दिन पनि आइपुग्दा प्रहर रात बाँकी भएपछि राम शाह जागा भई पटाँगिनीमा बसे । महारानी तुलसीदासको निमन्त्रणामा

काशी पुगेर फर्की पटांगिनीमा आइपुग्दा 'यो को हो ?' भनी राम शाह पक्रन तयार भए। महारानी बडो नम्र भई पाउमा परिन्। 'मेरी रानी भई जन्म लिए पनि तिमी त साक्षात् देवीको अवतार रहिछौ। अब मेरो र मेरा सन्तानको कस्ता प्रकारले कल्याण वृद्धि हुने हो, त्यस्तै प्रकारको वरदान देऊ' भनी राम शाहले विन्ति गरे। त्यसै बेला श्री गोरखनाथ पनि प्रकट भए। त्यसपछि श्री गोरखनाथ र लखन थापाले 'जुन पाठले कल्याण हुने हो, सोही पाठको वरदान होओस्' भनी विन्ति गरे। अनि महारानीबाट राम शाहलाई यस्तो वरदान दिनुभयो:–

'हजुरदेखि सातौं राजालाई नेपालको भोग होला। हाम्रा सन्तानलाई पूर्व दिशा र पश्चिम दिशामा संग्राम गर्दा जय होला। उत्तर र दक्षिणतर्फ धेरै मनसुबा नगर्नू। उत्तर दिशामा सदा सर्वदा घा गरे जय होला।' अनि श्री गोरखनाथले पनि 'तिम्रा सन्तानको दिल्लीमा नगरा बजोस्' भनी थप वरदान दिए। अनि राम शाहले अति हर्ष भई साष्टांग दण्डवत् गरे। श्री गोरखनाथ अन्तर्धान भए। लखन थापा बिदा भई आपना घर गए। महाराज र महारानी दरवार भित्रिए। त्यसको एक दुइ दिनपछि लखन थापाले तुलसीदासको दर्शन गरी बातचित हुंदा महाराजको वरदान प्राप्तिको कुरा विस्तार गरेछन् र तुलसीदासले एउटा दोहा बनाई पठाए:–

पूर्व पश्चिम दिशामें समर करो प्रबीन।
तासौं उज्ज्वल कीर्ति वृद्धि होगी प्रतिदिन।
जो नृप नेपाल भोग करे यज्ञबिना न हि शुद्ध।
नर तन घातसो आशिष वर न हि बुद्ध।
तुलसीदास नकहे समझो नृपवर राम।
तब सुत सन्तति मणिवरको होगी यशको धाम।

उक्त पत्र लखन थापाले ल्याई चढाए। 'उहाँबाट बेश शिक्षा गरी पठाउनुभएको रहेछ' भनी हुकुम भयो। पछि तुलसीदाससंग बसउठ हुँदा 'दामोदर देवता पूजा गर्नहोस्' भनी चढाए।

यस्ता रीतले राम शाहले धर्म र नीतिशास्त्रअनुसार राज्य भोग गरिरहेका थिए। तिनताक बाईसी चौबीसीका मुलुकमा छिन्न नसकेको झगडा गोरखाका कचहरीमा पठाईदिन्थे। महाराज राम शाह सबको चित्त बुझाई झगडा तोडिदिन्थे। त्यसो हुनाले 'विद्या हराए काशी जानू, निसाफ हराए गोरखा जानू' भन्ने निशाना चल्यो। न्याय पनि यिनै राजाका पालादेखि चल्यो।

त्यसपछि आपनो मुलुक सानो हुंदा बढाउने महाराजको मनसुबा भयो। अनि सकल भारदार र पंचहरू राखी सल्लाह मद्दत बाँधेर लडाईको उद्योग हुन लाग्यो। त्यस बखत देशबाट बाना, बनेटी, बाँक, पट्टा, छुरी, बिछुवा र फरिगतका कटारको हात बहुतै जानेको सकल इलममा कुशल एक रजपूत झिकाई वर्ष दिनसंम राखेर महाराजले कटारका हातहरू सिकी सकल इलममा सिपालु भए। अनि लिगलिग र हर्मी दुइ थुम द्रव्य शाहले अघेरै सर गरी गोरखा आएका थिए। बाँकी पाँच थुम लकाङ, भिरकोट, देउराली, धूवाकोट र च्याङली ठाडै रहेका थिए। त्यहाँ मानिस पठाई सल्लाह गर्दा 'एक राजा नमानी हुँदैन, हामी गोरखालाई नै मान्दछौं' भनी त्यहाँका पञ्च भलामानिसहरूले मंजूर गरे। अनि थुम थुमको सांध लगापात छुट्याई लेखिएका सातै थुमको पजनी गरे। थुम थुमका उमराउहरूलाई थुम हेरी 'हाम्रा काममा तिमीहरूले खुंडावाल यति मानिस तयार गर्नू। काम पर्दा जुन दिशामा खटाउँला उसै दिशामा जाउला। अहिले आपनो थुम गढी बलियो गरी कुर्नू। गढी नभएका थुमले आडपयाड बलियो गर्नू' भन्ने हुकुम हुँदा सोहीअनुसार गरी बसे।

त्यसपछि छ थरप्रभृतिलाई 'आठ हजारको मुलुकलाई तिमीहरूले बाह्र हजार बोलेको दैवले पुऱ्याइदिए' भन्ने हुकुम भयो। उनीहरूले 'दैवले थामिदिए हाम्रो मनोरथ पूर्ण हुने थियो' भनी विन्ति गरे। त्यसरी अम्बल गरेको कुरा लमजुङका राजाले थाहा पाई अरू राजाहरूको मद्दत लिएर आक्रमण गरे। एक थरिले लिगलिग र एकथरिले च्याङली चढाइ गरी धूवाकोट अम्बल गर्दै देउरालीमा आक्रमण गर्न आइपुगे। अर्काथरि फौजले लकाङ मोहडा गरी भीरकोटमा चढाई गरे। त्यस लडाईमा वैरीको लश्कर धेरै हुँदा आपना छ थुममै चढाइ गरी एक थुम मात्र बाँकी रहेको देख्दा महाराजले 'अब कसो होला' ? भने। 'हाम्रा उपर दैव सहाय छन्। धर्ममा चुकेका छैनौं। तसर्थ दैवले करुणा गर्दछन्। लमजुङले कति बल गरी आए तापनि धर्मकर्म छाडेका हुनाले हामीलाई जित्न सक्नेछैनन् र अवश्य हार्नेछन्' भनी महारानीले विन्ति गरिन्। महाराज-

ले महारानीको सामर्थ्य बुझेका हुनाले मनमा आनन्द लिए ।

त्यसपछि लकाङतर्फका लडाईंमा बाहुहरूमा खड्ग लिएका कन्या र स्फटिकका दर्शन लगाई गेरुवा वस्त्र पहिरेका योगी दुइ जना अघिलाग्दा लडाईंमा गएका गोरखाली सिपाहीहरू वैरीको कति डर नमानी 'अब कस्तै बादशाहको फौज आए पनि हामी फत्य गर्न सक्छौं । हाम्रा अगाडि कोही टिक्न सक्दैनन्' भनी रणशूर बने । अनि दुवैथरिमा घमासान लडाईं भयो । त्यस लडाईंमा गोरखाली सिपाहीले हानेको मर्मस्थान भेद्ने हुनाले जहाँ लाग्यो उहीं खतम हुने भयो । वैरीका फौजमा कातरता हुनाले उनीहरूले हानेको लाग्दै नलाग्ने, कदाचित लाग्यो भने पनि छाला मात्र खोस्सिने हुँदा गोरखाली सिपाहीका मनमा सुर्‍याइं बढ्दै गयो । हतियार लिएका गोरखाली पचास जना मात्र थिए । इन्द्रले बज्रले हानी पर्वतको शिर गिराए झैं ती पचास जनाले वैरीका फौजको शिर भकाभक गिराउन लागे । अनि वैरीहरू गढीबाट बाहिर निस्कंदा उनीहरूलाई भकाभक हान्न लागे । हतियार नभएकाहरूले पनि ढुंगा मूढाले हान्न लागे । सर्पले आफ्ना दुलामा प्रयासै नगरी खुत्त पसे झैं वैरीका शरीरमा बाणहरू प्रवेश गर्न लागे । ढुंगामूढाले हान्नेहरूले पनि कसैको हात र कसैको खुट्टा भाँची जखम गरे । यस्ता प्रकारले लडाईं गरी लकाङतर्फ आएका र अरु थुमका पनि धेरै वैरीलाई मार्दै र धपाउँदै मर्स्याङ्दी नदी पार गराए । त्यस बखतमा मेघलाई वायुले छ्यान्नव्यान्न पारी प्रकाशमान भएका सूर्य जस्तै गोरखाली फौजहरूले शोभा पाए ।

त्यसपछि छ थरप्रभृति सरदार उमराउहरूले दरवारमा आई महाराजलाई प्रसाद पाती चढाएर आशीर्वाद, सेवा, कुर्नेसहरू गरे । महारानीलाई पनि प्रसाद चढाऊ भन्ने हुकुम हुँदा सो पाती प्रसाद महारानीलाई पनि चढाए । अनि उनीहरूले महारानीबाट खिल्लत पाए । त्यसपछि राम शाहका पालासंम लमजुङ प्रभृति बाईसी चौबीसीहरू कसैले पनि चियाउन सकेनन् ।

बारपाक सेर्तानका चांगे सुरतानसित लमजुंगेले आवत-जावत गरी बखत परेमा तिमीलाई पनि राख्नेछैनन् भनी चकाए । चांगे सुरतानले दगा गरी गोरखामा छिद्र बुझ्नालाई आफ्ना मानिस पठाए । उनीहरूले राम शाहसंग 'हाम्रा राजाले धनमाल लुटी दुःख दिंदा अन्याय भयो र हजुरका पाउमा निसाफ खोज्न आयौं' भनी विन्ति गरे । राम शाहले 'सात आठ दिनपछि ठेगान गरुँला' भनी जवाफ दिए । 'यले भोटेको जात हुनाले आफ्नो जात छोडी अन्यत्र जाने जात होइन । यिनलाई अवश्य चंकाई पठाएका हुन् । अलि दिन यहीं रहुन्, डबल के रहेछ बुझ्दै गर' भन्ने छ थर प्रभृति भारदारहरूलाई हुकुम हुंदा उनीहरू सुराक बुझ्न लागे । तिनीहरू पनि पक्रनन् भन्ने डरले भागे । तिनीहरू गएर आफ्ना राजालाई सबै हाल बताए ।

त्यसपछि चांगे सुरतानले 'शिकार सयल गरिरहेको मौका पारी मार' भनी आफ्ना सय जना मानिस पठाए । त्यहीअनुसार उसका मानिसहरू आई वनमा लुकिरहेका थिए । महाराज राम शाहको बालुवाबेंसीमा शिकार हुंदा अरु फौज र ठूला भारदारहरू वरपर रही महाराजका साथमा दस बाह्र जना केटा मात्र रहेको बखतमा तिनीहरूले 'मौका पर्‍यो अब मारौं' भनी वनबाट निस्केर घेरे । 'मैले कटारको काम जानेको यसै बखतमा काम लाग्यो' भनी महाराजले वाकाट्टाक हातको चौडा मुख गरी घुम्न लागे । उनीहरूले कांडले हान्दा महाराजले तरवारले काटे । केही भने ढालले छेके । उनीहरूले ढुंगाले हान्दा पनि ढालले छेके । यस्ता प्रकारले लड्दा नजीकै भिडिने जतिमा कसैको नाक, कसैको हात र कसैको खुट्टा खतम भए । महाराजका केटाहरूमा दुइ जना खती भए । दुइ चार जनाले दौडेर आफ्ना लश्करमा खबर पुर्‍याए । अरु फौज आइपुगेपछि धेरैलाई मारे । केही भने पक्राउ परे । पछि महाराजले 'कि यी चोर हुन्, कि चम्काई पठाएका हुन् । चांगे सुरतानसंग हाम्रा बाज्याज्यूका पालादेखिको दोस्तानी हो । आफ्ना मनासिबले त्यसो गर्नु पर्दैन । अब यिनीहरूलाई खारखेर गर' भन्ने हुकुम भयो । उनीहरूले आफ्नो जीउ बचाउनाका लागि 'लमजुङेले चंकाएको हो । अर्काको खेल पर्दा यहाँसंम भयो तापनि अब हाम्रा राजासंग गई जस्तो अघिको दोस्ताना हो उस्तै गरुंला' भनी विन्ति गर्दा छाडिदिए ।

त्यसपछि उनीहरू त्यहाँबाट गई आफ्ना राजालाई सबै बेलीविस्तार गरे । चांगे सुरतानले यसरी राम शाहले कटारको हात खेली काटेको खबर सुन्दा केही डर माने । यसरी आफूलाई मार्न आउने मानिसलाई दोस्ताना कायम राख्दछौं भन्दैमा अघिको दोस्त संझी छाडिदिएको देख्दा

बडा दयावान् धर्मात्मा रहेछन् भन्ने ठाने । अब अर्काका संगमा लागी यिनीसंग दोस्ताना छोड्ने होइन भन्ने संझे । 'खेलाहाले खेल गर्दा एक पटक यस्तो पर्न गयो तापनि अब दोस्तानी गर्छु । हजुर बडा दयावान् धर्मात्मा हुनुहुँदो रहेछ । आफूलाई छल गरी मार्न आउनेलाई पनि पक्रेपछि हिजोको दोस्ती संझी छाडिबक्सनुभएछ । अब कसैले खेल गर्दा बक्रउँदा पनि नतोडिने यस्तो बलियो दोस्तानी राख्नालाई मितेरी लाऊँ । अनि पछिसम्म बढिया होला' भन्ने अर्जी लेखी पठाए । राम शाहले अर्जी हेरी भारदारहरू बोलाएर "चाँगे सुरतानलाई ज्यादै बलियो हुनाले मार्न खूब गाह्रो थियो । अब मितेरी लाउँछु भनी लेखेछ ? त्यसै बखतमा छल गरी मारौं" भनी भारदारहरूसंग सल्लाह गरे । "परसंम ठहर्ने बेश कुरा लेखेछौ । दुबैथरले हानहतियार नल्याउनू । आऊ, बालुवाबेसीमा मितेरी लाउँला" भनी दिन तोकेर जवाफ पठाए । भोलि जानु छ भन्दा आजजसो गोरखालीहरू गई खुँडा, तरवार, खुकुरीहरू बालुवामा लुकाई आए । भोलिपल्ट दुबैथरमा मेल भई एउटा चुहानलाई महाराज जस्तो तुल्याएर साथमा लिई भारदारहरू गए । अनि जुन जग्गामा आपना हतियारहरू लुकाएका थिए त्यहाँ अनुकूल पारी बसे । दुबैतर्फबाट क्षेमकुशलको वार्ता गर्दै मितेरी लाउन लागेका बखतमा गोरखालीहरूले बालुवाबाट हतियार झिकी पहिले चाँगेलाई मारी उनका फौजमाथि खनिए । सुरतान भने उंकेर भागे । बचेका दश आठ जना पक्रिए । त्यसपछि "तिमीहरू के भन्छौ ?" भन्दा "अब हाम्रा राजा मरिगए । एक राजा नमानी हुँदैन । वारपाक सेर्तान तिम्रै भयो । हामीलाई भाइ जस्तो मानी काम गर्‍यौ भने सहज अठारसयखोला पनि आफूस गरौला" भनी बचेका फौजले हात जोडे । सो कुरा महाराजमा विन्ति पार्दा 'अब वारपाक सेर्तान हाम्रै अम्बल भयो । तिनीहरू अबदेखि हाम्रा सेवक भए । उनीहरूलाई अघि सारी अठारसयखोला लिने सुर गर । सुरतानलाई पक्र" भन्ने हुकुम भयो । भारदारहरू गई सोबमोजिम वारपाक सेरतान बाहाली गरे । त्यहाँका मानिसहरूले अब हामीलाई महाराजबाट सेवक तुल्याइबक्सियो, तसर्थ अब स्वामितको सोझो गर्नुपर्छ भनी अठारसयखोलाका बूढा बूढा मानिसहरूसित गई सलतन गरे । उनीहरूले "हाम्रो बल तिमीहरू हौं, तिमीहरू त्यसो भन्छौ भने अन्यत्र कहाँ जानू" भनी आपनो देशमा हुने पदार्थहरू नजराना चढाई महाराजको दर्शन गरे । उनीहरू पनि खुशी भई गोरखामै बसेका थिए ।

त्यसपछि महाराजबाट "लडाईं जिते पनि मुलुक कायम छैन, कायम गर्नुपर्छ" भनी आपना र अठारसयखोलातिरका भारदार राखी कचहरी गरियो । "जो आपना कायममा आउँदैन उससंग लडाई गर्नू, तसल्लमा आउनेसंग तसल्ल गर्नू । वारपाक मार्दामा जगा जगाका मानिस जाँचिएका छैनन्, जाँची स्थिति नीति बसालिनू । यस काममा भवानी पाँडे र विठ्ठल राना दुइ जना सरदार भयौ । जाऊ र वारपाकका दललाई अघि सारी तिमी दुइ जनाले दलमुखी हुनू ।' भन्ने हुकुम भयो । ती दुइ जना सोबमोजिम लश्कर लिएर बिदा भई हिंडे । पहिले रुद्रबोट सर गरी बाटो बनाएर बन्दोबस्त बाँधी त्यहाँ आपनो चलन चलाए । त्यसपछि केरुङमा तसल्ल गर्न पुगे । पहिले मान्छौं भने, पछि कुकुरघाटमा लश्कर पुग्दा कपट गरी केरुङेहरू उठे । त्यहाँ ठूलो लडाईं भयो । धेरै मानिस परे । विठ्ठल रानाको मुड काटी भोटेहरूले दिगर्चामा लगेर त्यहाँका राजालाई नजर गराए । सरदार भवानी पाँडे पनि परे । बाँकी रहेका मानिसहरूले रोसीखोलामा फर्केर आई आड पयाड बलियो गरी कुरे । लडाईंको सबै हाल विस्तारपूर्वक अर्जी गरे । महाराजबाट "बलियो गरी कुर्नू" भन्ने हुकुम गयो र सोबमोजिम कुरिरहेका थिए । त्यहाँ सुरतानलाई खोज्दा बसेरीमा ठूलो घर बनाई बसेको कुरा सार्कीहरूले पहिल्याई विन्ति गरे । छलफलमा पहिले सल्लयान हानौ त्यसपछि मारौंला भनी छयरहरूले विन्ति गरे ।

जुनसुकै काम गर्नालाई पनि साइत वा मौका चाहिन्छ । सल्ल्यान हान्न पनि साइत चाहियो । अघि राम शाहको गर्भचित्ता लगाएका दुर्लभ जोशीले साइत हेरे । त्यही साइतमा महाराजसंग बिदा भएर लश्कर साथमा लिई दुर्लभ जोशीले प्रस्थान गरे । गंडी (बूढीगंडकी) का तीरमा पुगे । यो कुरा सल्ल्यानीहरूले थाहा पाई डुंगा झिकिदिएका रहेछन् । दुर्लभ जोसीले हातमा कटारी लिई ढुंगामा बसेर लश्करलाई सुनाए 'तिमीहरू तयार रहो, जब म यो कटारी पत्थरमा गाडुंला त्यसै बखतमा राम्रो साइत हुन्छ । त्यसै वेला पारि तर्नू । गंडीमा डुबुंला कि भन्ने कति पनि डर नमान्नू' । यति भनी दुर्लभ जोशी पत्थरमा गणित कोर्दै थिए । मुहूर्त आइपुगेपछि पत्थरमा कटारी गाडी 'लौ साइत भयो, गंडी तर' भनी आज्ञा गरे । लश्करले हातहतियार लिएरै त्यसै हेलिई गंडी तरे । कटारी धसिदा छिद्र परेको पत्थर आजतक छँदैछ । त्यस पछि सल्ल्यानको घले राजालाई ठूलो लडाईं गरेर मारी

सल्ल्यान सर गरे । त्यस बखतदेखि गोरखा दरबारमा सल्ल्यानबाट आएको फूलपातीको भार नभित्र्याई यहाँको फूलपाती नपर्सनू भन्ने बन्देज भयो ।

त्यसपछि अघि पहिल्याउने सार्कीलाई अगुवा लगी सुरतानलाई मारेर बसेरी पनि सर गरे । यस्तै क्रमले खरी र मैदीका घले राजालाई मारी खरी र मैदी पनि सर गरे । अनि चरंगेमा पुगेर त्यहाँका घले राजासंग भारी लडाईं भयो । घले राजाले आडभित्र पसी धेरै दिन आड लियो । पछि घेरामा परी खान नपाउंदा गोरु, भैंसी बोक्दै लांदै खान लाग्यो । फेरि लडाईं पर्दा त्यस राजालाई मारी चरंगे सर गरे । यस्तै क्रमले मुलुक मार्दै, स्थिति बांध्दै, आफ्नो चलन चलाउंदै घादिङसम्म पुगे । त्यहाँका राजा रोह्विास घलेसंग लडाई हुंदा केही मानिस परे, केही घाइते भए । पछि घेरा दिएर थुनी त्यस घले राजालाई मारेर घादिङ सर गरे । अहिलेसम्म आफूले जितेका ठाउंमा स्थिति बांधी लश्कर फिराए । गोरखामा आइपुगेपछि छथर भारदारहरूले राम शाहमा प्रसाद पाती चढाई दर्शन गरे ।

उता रोसीमा कुर्न बसेकालाई पनि बन्दोबस्त मिलाइ आउनू भन्ने अर्जी जाँदा उनीहरू पनि सोबमोजिम गरी आए । रुद्रभोटमा दुइ जिल्लाको बाह्र भाग गरी त्यहाँको आंशानी भेडा, च्यांग्रा, पाखीहरूमध्ये ठूलादसैंमा बलिदान गर्नू भनी बक्स दिए । सब घरघरहरूलाई एक एक भेडा पुग्याई नपुग्ने तेली धोबीहरूलाई पनि एक एक पाखी दिए । दुर्लभ जोसीलाई "तिमीले मेरो गर्भचिटा लाउँदा जस्तो लेखेको थियो उस्तै पुग्दै आयो । तिमीले दिनभर घुमेको जग्गा बिर्ता गरिदिन्छु" भन्ने हुकुम हुँदा उनले दिनभर घुमेको जग्गा तान्द्राङ साँध लगाई बिर्ता दिए । फेरि गंडीमा फौज हेलाई तारेको रिझ बापत दुर्लभ जोसीलाई चुरेटार बिर्ता र नून खानालाई थन्नन भन्ने भोटको गाउँसमेत दिए । सुरतानलाई पहिल्याएको रिझबापत सार्कीलाई भालूखोलाको पाखो सुवारो दिए । उनीहरू अझसम्म खाँदैछन् ।

यिनै महाराज राम शाहले नेपाल पाटनका राजा सिद्धिनरसिंह मल्लसंग सलूक बन्दोबस्त बाँधी मित्रता गरे । "हाम्रो देशमा बन्दबेपार नहुँदा गुलजार भएन । तिम्रो राज्य र मेरो राज्य एकै हो । तिम्रा सन्तान नभए हाम्रा सन्तानले तिम्रो राज्य र हाम्रा सन्तान नभए तिम्रा सन्तानले हाम्रो राज्य गर्नू भन्ने धर्म गरी चौबीस कोठी महाजन मागे । शाके १५२८ नेपाली संवत् ७२६ सालमा पाटन र गोरखाको सिमाना फर्पिङको बाटो गरी त्रिशूलगंगा र मत्स्यगंडकीको दोभान तथा बेनीघाटको बाटो गरी गोरखामा लगी माटाको छाना भएको घर बनाएर राखे । त्यसको हटियाचोक भन्ने नाउँ रह्यो । ती चौबीसकोठी महाजनमा जहानबच्चा लगी सधैं बस्नेलाई "घरबारी" भन्ने पद र लोग्ने मात्र गई वर्षामा नेपाल आउनेलाई "वैरागी' भन्ने पद राखी गोरखा गुलजार गरे ।)

यी राजाका रानी रत्नावतीदेवी, नयनावतीदेवी र शशिरेखावतीदेवी नामक तीन जना थिए । महाराजले २८ वर्षसम्म राज्य भोग गरे । राम शाहले बाँधेका स्थितिमा प्रवृत्त नभई स्थिति लंघन गर्ने छोटा बडा चार वर्ण छत्तीस जातका प्रजाहरूलाई मपछि जो राजा हुनन् उनीहरूले श्री लक्ष्मीनारायण देवताको पाउ प्रतिमा भएको ढुंगो छुवाई त्यहाँ पान फूल द्रव्यहरू चढाई अन्याय गरेको पातक छुटाएर जातअनुसार शारीरिक सजाय गर्नू । बिरौटो बिराएमा मोहीले त्रिसाला जम्मै खाई त्यसपछि धनीबोटी तलसिङलाई दिनू । पधेरामा पालो मिची झगडा गर्नेलाई पाँच रुपैयाँ दंड गर्नू" भन्नेसमेत स्थिति गरी दुनियाँहरूलाई सोहीबमोजिम व्यवहारमा प्रवृत्त गराए । त्रेतायुगमा रामचन्द्रले धर्मपूर्वक सबै प्रजाहरूलाई पुत्रवत् पालना गरी राज्यको भोग गरे झैं महाराज राम शाहले पनि सबै प्रजाहरूलाई औरस पुत्रवत् पालना गरी राज्यको भोग गरे । यी राजालाई देश देशका राजाहरूले आआफ्ना देशका चीजहरू चढाई पठाउंथे । यिनी हररोज पटांगिनीमा बसी जसका घरमा बिहान धूवां उठेन, त्यसका घरमा किन धूवां उठेन, पकाउने कुरा नभएर हो कि ? बोला भनी कटुवाललाई डुकाई खान पाए नपाएको समेत जुन कुराको दुःख छ त्यस कुराको निवारण गर्दथे । जागीरदारहरूका हकमा पनि जागीर नआउन्जेलसम्मका लागि यसका यति जहान छन् र यति चाहिन्छ भनी बराबर बक्स दिन्थे । यी राजाले राज्य गर्दा शत्रु, अग्नि र दुर्भिक्ष कुनै कुराको पनि दुःख भएन । यस्ता तरहले राज्य गरे तापनि कालका वशमा सबै जनाले पर्नुपर्ने रहेछ ।

एक दिन रात्रीमा " तिम्रो राज्यको भोग यत्तिकै हो,

धर्मकर्म गर्न विलम्ब नगर" भनी सपनमा देवताले संक्षेप गर्दा महारानीसंग आफूले देखेको सपना विस्तार गरे। 'हजुरले आज मात्र थाह पाउनुभएछ, मैले त अघेरै थाह पाएकी थिएँ। अब साहेबज्यूल ई अति शिक्षा बक्सियोस्' भनी महारानीले विन्ति गरिन्। अनि साहेबज्यू डम्बर शाहलाई बोलाई देवताबाट आफूलाई सूचना भएको सर्व वृत्तान्त सुनाएर यस्ता तरहले राज्य गर्नू भनी शिक्षा दिए। फेरि जो जो गोरखामा प्रीतिपात्र थिए उनीहरू सबैलाई अति शिक्षा दिए। अनि गौदान, अन्नदान, भूमिदान आदि ठूलठूला दान समेत गरी आनन्दपूर्वक राज्य गरिरहेका थिए। हुँदाहुँदै महाराज र महारानी दुवै जनाको स्वभाव पनि बेग्लै र मोहडा पनि बेग्लै देखिन लागेकोले गोरखालीहरूको चित्त उदास हुँदै आएको थियो।

श्री संवत् शाके १५५५ मा एक दिन मत्स्यगंडी र धर्म नदीको संगम भएको धर्मतीर्थमा स्नान गर्न जान्छु भनी महाराजको सवारी भयो। स्नान गरिसकेपछि राम शाहका सर्वांगमा अकस्मात् शूल भयो। उनले रामरक्षाकवचहरू पाठ गर्दै ब्रह्माण्ड भेदन गरी प्राण त्याग गरे। यो खबर गोरखा पुग्दा सबैले ठूलो अपशोच गरे। सहगमनका निति महारानीको पटांगिनीमा सवारी भयो। 'गुफामा श्री गोरखनाथको पूजा नित्य गर्नू भन्ने हुकुम गरी जहां महाराजको कलेवर थियो उहीं सवारी भयो। अनि महारानीले' आजदेखि महाराज डम्बर शाह भए, म टीका दिन्छु 'भनी सिन्दूरको टीका लगाइदिइन्। त्यस बखतमा भारदारहरूले 'हामी गाईले छाडेका बाछा जस्ता भयौं' भनी अव्यक्त बोलीले विन्ति गरे। 'तिमीहरू प्रवीण छौं, निमकदार छौं, जसरी डम्बर शाहको सोझो हुन्छ उसै गरे' भनी महारानीले जवाफ दिई डम्बर शाहलाई काखमा लिएर अतिबुद्धि दिइन्। त्यो यस प्रकार छः—

बाबु डम्बर शाह, बुबाबाट जुन जुन शिक्षा पाएका छौ सोबमोजिम राजकाज गरे। म पनि दुइ चार अर्ति दिन्छु, सुनः— बडालाई नघटाउनू। छोटालाई नबढाउनू। अर्काको ठट्टा गिल्ला कहिले पनि नगर्नू। मर्म भेद हुने वचन कसैलाई पनि नगर्नू। राजाले सदा क्रूर भइरहे पनि पुग्दैन, सदा साधु भइरहे पनि पुग्दैन। जुन वेलामा जस्तो भई काम गर्नुपर्छ उस्तै भई काम गर्नू। अनविश्वासी, पापी र कपटी यस्ता प्राणीहरूको कहिले पनि सोबत नगर्नू। राजाले मनुष्यलाई नचिनाउनू, चिने चिनाएपछि त्यसलाई चाँडै त्याग गर्नू। त्यसमा पनि मुख्य कुरा के छ भने सबैभन्दा ठूलो दैव छ। दैवका वशमा जगत् छ। त्यसकारण आफूभन्दा माथि दैव छ भन्ने देखी काम गरे। धर्म र सत्य कहिले पनि नछाडे। शरीरधारी यावत् जन्तुलाई जन्मनु र मर्नु लागेकै छ भन्ने देखी काम गरे। तिमीलगायत सन्तान दरसन्तान टीकाधारी राजाहरूले बुनबट पगरी नबांधे। बेतले बनेको खाट, खटिया र आसनहरूमा नबसे, नसुते। दरबारमा कमेरो पनि नलगाए। एकमुखे चूल्हो पनि नबनाए। इष्टदेवता र कुलदेवता आफ्ना कुलमा जो चलिआएको छ, गृहस्थी छउन्ज्याल त्यो मत त्याग नगरे। जुन विधि र जुन आचरणले पूजा गर्नुपर्ने हो त्यसको त्याग पनि नगरे। इत्यादि उपदेश गरी महारानी महाराजका साथ चितामा प्रवेश गरिन्। अग्निप्रवेशको छल दुनियालाई देखाएको मात्र थियो, महाराज र महारानी दुवै जनाको कलेवर त्यसै अलप भयो। चितास्थलमा काठ मात्र जलेको देख्दा सबै बडो आश्चर्य भए। त्यसै बखतमा सिद्ध लखन थापा पनि अलप भए। महाराज राम शाहको क्रियाकाष्ठादि सकल काम गरिसकेपछि शाके १५५५ मा शुभ मुहूर्त हेरी दीप कलश गणेश पूजा गरी मंगलपूर्वक महाराज डम्बर शाहलाई टीका चढाउँदा महाराज गादीमा राज भयो।

महाराज डम्बर शाहको राज्य भोग वर्ष ९। यी राजाकी रानी वर्णावती देवी, रुक्मावती देवी, गंगावती देवी र भानुमती देवी जंमा ४ जना थिए। यिनका बुबालाई देवताबाट दिएको वरदान यिनका पालामा नभई यिनका सन्तानमा हुनाले बुबाले चलाएको थितिबिति मात्र थामी देवताको आराधनामा लागेका थिए। चतुर्मासमा पूजा सकिएपछि पूजाकै आसनमा बसेर हररोज सप्तशतीको पुस्तक लेख्दथे। अनि ब्राह्मणहरूलाई दान दिई ज्यूनार गर्दथे। महारानीहरू पनि पाठपूजामा लागेका थिए। जेठी महारानी वर्णावती देवीमा कृष्ण शाह, पीताम्बर शाह, शंकर शाह र बलभद्र शाह जम्मा चार पुत्रको जन्म भयो।

एक दिन बेलुका सुकलामा रहेका बखतमा 'डम्बर' भन्ने बडो शब्द गरी बाहिरबाट कसैले पुकाऱ्यो। 'मेरो नाम पुकार्ने को हो?' भनी पूर्वतर्फका झ्यालबाट हेरे। बाहिर उच्च स्फटिकको दर्शन लगाएका जटाधारी बाबाजी देखिए। यी 'गोरखनाथ' हुन् भन्ने ठानी भरेङबाट ओर्लेर दर्शन गर्न

गए । 'कमबखत' भन्ने बचन बोली गोरखनाथ अन्तर्धान भए । 'यस्तो दर्शन पाएपछि मैले झ्यालैबाट ओर्ली दर्शन गर्नुपर्ने, तर बखत चिन्न सकिन' भनी डम्बर शाहले ठूलो पश्चात्ताप गरे । नौ वर्ष राज्यको भोग गरेपछि यी परमधाम भए ।

श्री शाके १५६४ मा यिनका पुत्र कृष्ण शाह राजा भए । यिनले वर्ष १६ संम राज्यको भोग गरे । यिनका रानी शकुन्तलावती र रुक्मिणावती थिए । कान्छी महारानी रुक्मिणावती श्री देवीको ध्यान, जप, पूजाहरू गरी श्रीको दर्शन पाउँदा श्री जस्तै हुन्थिन् । यो कुरा कसैलाई थाहा थिएन । राज्यमा कुनै गडबड परिआए पनि यिनै कान्छी महारानीले मिलाई निकासा दिन्थिन् । पछि एक दिन अकस्मात् अलप भइन् । जेठी महारानी शकुन्तलादेवीमा रुद्र शाह पैदा भए । महाराज कृष्ण शाह परमधाम भएपछि रुद्र शाह गादीमा बसे ।

श्री शाके १५८० मा रुद्र शाह गादीमा बसेका हुन् । यिनले ··· वर्ष राज्यको भोग गरे । यिनकी जेठी महारानी पूर्णावतीदेवी र कान्छी दमयन्तीदेवी थिए । जेठी महारानीतर्फ पृथ्वीपति शाह, मधुकर शाह, अतिबल शाह, जयन्त शाह र कान्छी महारानीतर्फ चतुर्भुज शाह गरी ५ साहेबज्यू पैदा भए । जेठी महारानी खुब बुद्धिमती हुनाले राजकाज गर्दा यिनले महारानीसंग सल्लाह गरेर काम गर्दथे । यिनी छोटा बडा जोसुकैसंग पनि उसले कस्तो किसिमको बात गर्दा रहेछ भनी सोधपुछ गर्दथे । अनि आफ्ना विचारमा आएअनुसार काम गर्दथे । यस्ता प्रकारले राज्य गरी परमधाम भएपछि उनको काजक्रिया सकी शाके ···° मा शुभ दिन हेरी छथर आदि भारदारहरूले सकल मंगलोत्सवपूर्वक पृथ्वीपति शाहलाई टीका चढाए । अनि महाराज पृथ्वीपति शाह गादीमा बसे ।

## पृथ्वीपति शाह

पृथ्वीपति शाहले वर्ष ४७ राज्यको भोग गरे । यी राजाका महारानी जगच्छत्रवतीदेवी, वीजक्षीणावतीदेवी, अरूपावतीदेवी, कुलांगनावतीदेवी, हर्षवतीदेवी र हेहगवतीदेवी जम्मा ६ जना थिए । ती महारानीहरूमा जेठीतर्फ वीरभद्र शाह, र रणदुल्ल शाह पैदा भए । माहिली महारानीमा दलजित शाह र भूपेन्द्र शाह, साहिली महारानीमा उद्योत शाह र चन्द्ररूप शाह, काहिली महारानीमा संग्राम शाह, नरसिंह शाह र सुरतान शाह, ठाहिली महारानीमा वीरकुमार शाह, वीरवन्त शाह र शान्तरूप शाह पैदा भए । यी बाह्र साहेबज्यू र भक्तकुमारीदेवी तथा शशिलेखावती दुइ शाहज्यादी पैदा भए । कान्छी महारानीतर्फ जायजन्म केही भएनन् । यी राजाले भाइ मधुकर शाहलाई चौतरिया पद दिए । अतिबल शाहलाई 'कजाईं खाऊ' भन्दा 'मैले जहिले पुरुषार्थ देखाउन सकूँला उहिले विन्ति चढाई खाउँला' भनी केही मान खाएनन् । एक कजाईं जयन्त शाहलाई दिए । एक कजाइं कविराज शाहलाई दिए । सरदारी मान पांडे पन्तलाई आलोपालोसंग खाने व्यवस्था गरिदिए ।

यी पृथ्वीपति शाह धर्म, कर्म र सद्वृत्तिमा लागेका हुनाले शान्तस्वभावका थिए । यिनका प्रजाहरू पनि उस्तै शान्तस्वभावका थिए । राजाले क्रूर हुने बखतमा क्रूर, तेज गर्नुपर्ने बखतमा बहुत प्रचंड तेज र शान्त हुनुपर्ने बखतमा शान्त हुन जान्नुपर्दछ । यस्तो प्रबन्धमा निपुण राजालाई देख्दा आफूमाथि कुल गर्ने शत्रुहरू पनि ठूलो डर मानी हट्दछन् । आफ्नो सत् चिन्ता गर्ने मित्रहरू बडो आधार मानी सदा सर्वदा जयको चिन्तना गर्दछन् । प्रजाहरू पनि राजाअनुसार स्वभाव भएका हुन्छन् । राजामा हुनुपर्ने त्यस्तो स्वभाव नभएको हुनाले लमजुङे राजा बाईसी चौबीसीलाई उठाई लडाई गर्न आए । पहिले लिगलिग र त्यसपछि लकाङ, भीरकोट, धुवाकोट, देउराली र मझुवा अम्बल गरी धर्मनदीको सांध गरेर लिगलिगमा गढी राखी लमजुङेले ९ वर्षसंम खाए । गोरखालीले दशपल्ट लडाईं गर्दा पनि हटाउन सकेनन् । दरौंदीको सांध लगाई मडुवासंम लमजुङेले खाएपछि 'अब हाम्रो राज्य कति दिन रहला र ?' भनी पृथ्वीपति शाहले ठूलो खेद गरे ।

त्यसै वेला 'अघि हाम्रा बाबा बराज्यूले उस बखतमा कस्तो कस्तो काम फत्य गरेथे । कति मुलुक आर्जेथे । बाईसी चौबीसी र लमजुङे पनि बराबर आउँदै थिए र काट्दै धपाउँदै गर्दथे । आज हामीले दश वर्षमा पनि काटी धपाउन सकेनौं, धिक्कार हो !' भनी सबै छथरप्रभृति भारदारहरूले सल्लाह गरेर रात्रीमा छापा मारी धपाउने सम्मत गरे । सोही कुरा महाराजलाई विन्ति चढाए । 'दश वर्षसंम लडाईं गर्दा पनि नसकेकोमा आज कसरी सकौला र ? अब छत्रभंग गराउनु मात्र बांकी छ' भनी

हुकुम भयो । 'मनमा कति डर नमानी हुकुम बक्सियोस्' भनी उनीहरूले विन्ति गरे । 'उसो भए जसरी मुलुक थामिन्छ, सोही पाठ गर' भन्ने हुकुम भयो ।

बस, अब के थियो भारदारहरूको जोशको साथसाथै रणचण्डीले पनि जोश निकालिन् । बाह्र वर्षदेखि अघी वर्षसंमका तमाम मानिसहरू हातमा हतियार लिई गढीमा पुगे । अनि गढीमा आगो लगाउँदा गढी जली वैरीहरूमा केही भित्रै डढे, केही बाहिर निस्कंदा एक एक गरी काटिए । एक दुइ जना मात्र उंको भागे । बिहानपख 'वैरी धपायौं र चंपे मत्स्यांघ्रि (मस्याङ्दी) तार्‍यौं' भन्ने बेहोराको विन्तिपत्र लेखी पठाए । महाराजले बहुत हर्ष भई 'केही लश्कर त्यहाँ गढी कुर्न बस र अरु लश्कर आऊ' भन्ने हुकुम गयो । केही लश्कर गढी कुर्न बसी बाँकी लश्कर बेलवासमा आइपुग्दा महाराज र महारानीबाट बहुत प्रसन्न भई 'वैरी धपाएर आफ्नो मुलुक थामी आउने भारदारहरूलाई सिन्दूरयात्रा गर्दै ल्याउनू' भन्ने हुकुम भयो । सोबमोजिम गरी ल्याएपछि मानिस हेरी खिल्लत दिए ।

केही वर्षपछि फेरि लमजुङ्गेले बाईसी चौबीसी उठाई बलैले मिचेर मकुवा लियो । लिगलिगगढीमा ठूलो लडाईं हुँदा धेरै मानिस मरे । गोरखालीहरू बलले नपुग्दा गढी छाडी गोरखा आए । अनि दरौंदीको साँध गरी लमजुङ्गेले भोग गरे । त्यसपछि पृथ्वीपति शाहले मनमा 'लमजुङ्गे राजाले धेरै राजासंग दोस्तानी बाँध्दा सबै राजाहरू धुरा उठी आफूलाई हर्रा खेलाए । आफू भने सहाय संपत्ति केही नभएको एकलो छु । अब छत्रभंग हुन लाग्यो । अघि अघिका बडा बडा राजाहरू पनि योगी भई गएका हुनाले अब म पनि जानुपर्‍यो' भन्ने विचार गरे । अनि महारानी र बाह्र पुत्रलाई जम्मा गरी सबै कुरा बताए । 'आपद् भनेको बडालाईनै पर्दछ । कहिल्यै पनि हिम्मत हार्नु हुँदैन । वैरी धपाएर मुलुक थामेरै छोडौंला । अब सुर्ता नगर्नुहोस् । अब कस्तो जुक्ति गर्नुपर्‍यो भने हामी हजुरका भाइ, छोरा, भतिजा आदि सबैलाई कति माया नगरे कैं गरी निकालिदिइबक्सियोस् । हामी यत्रतत्र लाग्दछौं । मलाई गौरीश्वर पन्त र बलि पाध्या कडरिया दुइ जना साथी बक्सियोस् । लमजुङ्गे चौतरियासंग मिलि काम साध्य गरौंला' भनी कान्छा साहेबज्यू रणदुल्ल शाहले विन्ति गरे । त्यो कुरा मंजुर गरी महाराजले साहेबज्यूलगायत भाइबन्धुहरूलाई निकाला गरिदिए । उनीहरू ठाउं ठाउँमा पुगे । कान्छा साहेबज्यू चाँहि दुइ जना साथ लिई लिगलिग पुगे । त्यहाँ लमजुङ्गे चौतरियासंग भेटी परस्पर क्षेमकुशल वार्ता गरे । चौतरियाले पक्रने मनसुबा गरेको बुझेर 'बुबालाई के वैपरीत्य बुद्धिले छोयो कुन्नि, जति भाइछोरा थियौं सबैलाई निकाला गरिबक्सियो । बडालाई बुद्धिले छोडेपछि अवश्य नाश गराउँछ । हाम्रो जेठो घर यही हो भन्ने निश्चय गरी आएको छु, जो करुणा' भनी कान्छा साहेबज्यूले पीर पोखे । यस कुराले चौतरियाको मन निःशंक भयो । यो कुरा गोरखामा बुझ्न पठाउंदा पनि सत्य ठहरियो । अनि चौतरियाले आफ्ना भाइभैयादलाई गर्नुपर्ने मर्यादासित राखे । पाँच सात महीना भएपछि सबै कुरामा त्यहाँका चौतरियालाई कान्छा साहेबज्यूउपर पूरा प्रतीत भयो ।

बस, बल्ल मौका पर्‍यो कान्छा साहेबज्यूको । 'अब त यहाँको काम म एक्लै पनि धान्न सक्छु । हजुर यहाँ राज नभए पनि हुन्छ । दरबार सवारी भए पनि केही बाधा पर्दैन । हजुरलाई शंका छ भने म के बिन्ति गरूँ ?' भनी कान्छा साहेबज्यूले विन्ति गरे । चौतरियाले लमजुङमा साधेर पठाउँदा 'धर्म दिन्छन् भने उनलाई कुनै राखी तिमी आए हुन्छ' भन्ने उत्तर आयो । चौतरियाले कान्छा साहेबज्यूलाई धर्म भकाई गढीको अभिभारा सौंपेर लमजुङ गए । त्यसपछि साहेबज्यूले गोरखाबाट आफ्नो लश्कर झिकाए । अनि रात्रीमा गढीभित्र पसी वैरीका फौजलाई मारपीट गरेर धपाई गढी कुर्न आफ्नो फौज राखे । कान्छा साहेबज्यू गौरीश्वर पन्त, बलि पाध्या र बाँकी फौज साथमा लिई गोरखा पुगे । उहाँ बुबा र मुमाको हर्षपूर्वक दर्शन गरे । मुमाबाट 'तिमी हाम्रा बुद्धिमान् पराक्रमी छोरा जन्मेछौ, अब सर्वत्र हाम्रो जय हुनेछ' भन्ने हुकुम भयो । उनले 'काम त मैले गरें, तर यस पापले के गर्छर म कुन गतिमा पुग्छु' भनी विन्ति गरे । अन्यत्र गएका अरु भाइछोराहरू पनि एकसे एक जान्ने, शूरा, पराक्रमी र जोशिला बनेर फर्के । त्यसपछि जति पटक लमजुङ्गे आए उति पटक काट्दै धपाउँदै गरे । यसबाट हर्षविभोर हुंदै महाराजबाट हुकुम भयो 'सब भाइ एकट्ठा भए घर बनियो हुन्छ भनेको मनासिब रहेछ । वैरीले पनि आट्न सक्दा रहेनछन् ।'

तिनै ताक मकवानपुरका तराईमा नवाफको लश्कर चढी दुःख दिंदा त्यहाँका राजाले गोरखासंग मद्दत मागे । गोरखाबाट अतिबल शाह र हरिचरण पाँडे दलमुखी गरी शूरा वीर छानेर एघारबीस जवान सिपाही मद्दत दिई

पठाए । 'अघि बादशाहसंग लडाईं हुंदा शाखाबन्दी गर्ने हामी सिसोदिया राणा हुँ, आफ्ना पराक्रम देखाएर गोरखाको नाम राखी आउनू' भन्ने हुकुम भयो । 'रजपूतको रजपुत्याइं कहिले देखाउन पाउँला भन्ने थियो, बल्ल देखाउन पाएँ । छातीको ढाल गरी गएर आपनो पराक्रम देखाई हजुरको पछिसम्म निशाना रहने किसिमको पुरुषार्थ देखाउँला' भनी अतिबल शाहले विन्ति गरे । 'गणेश पाँडेको नाम सरी यश प्रकाश हुने काम गरौंला' भनी हरिचरण पाँडेले विन्ति गरे । त्यसपछि लश्कर बिदा भएर मकवानपुर पुग्यो । त्यहाँका राजासंग 'हजुरका लश्कर कुन मोहडामा छन् ? हामी छुट्टै रही जुन बखत आपनो गम पर्ला उसै बखत हान्नेछौं' भनी विन्ति गरे । मकवानपुरका राजाले 'जस्ता तरहले हुन्छ वैरीलाई मारी धपाउने काम गर' भने । गोरखाली लश्कर मकवानपुरे लश्करदेखि छुट्टै खलंगा हाली बसे । बेलुका खानपिन सकेपछि अतिबल शाह र हरिचरण पाँडे सिपाहीहरूसित मतो गर्न लागे 'नवाफको पचास साठी हजार लश्कर छ. अग्निमा पुतली झम्म गरे जस्तै गर्नुपर्नेछ । अब छाती बलियो गरी काम गर्नुपर्छ । ठूलो लश्करमा सबै निदाएका बखतमा हल्ला गराउँदा आफूआफूमै काटाकाट गर्नेछन् । तसर्थ एक एक स्याउला कपालमा राखेर चिनु लगाई जाऊँ । जसको कपालमा स्याउला देखिन्छ उसलाई आफ्नो संगी जान्नू ।' अनि धनु, ठोक्रो, ढाल, खुंडाहरू लिएका एघारबीस जवान तंतयार भए । रातमा सबै निदाएका बखत नवाफका लश्करमा पुगी धडाधड धनाले हान्न लागे । नवाफका फौजमा ठूलो हल्ला हुँदा निद्राको झोकमा आफूआफूमै काटाकाट गर्न लागे । कोही भने जता पायो उतै भाग्न लागे । यस्तो अकस्मात्को कामले बाँकी रहेका फौज पनि ज्यान जोगाउन भागे । गोरखाली लश्कर फर्केर मकवानी लश्कर सुतिरहेको हेर्दै राजाका हजुरमा सरासर गए । 'हजुरका सबै वैरी धपाई आयौं' भनी विन्ति गरे । त्यस वेला दुइ घडी रात बाँकी थियो । 'हाम्रो लश्करको के अवस्था छ ?' भनी सोद्धा 'हामी फर्कंदा सुतेकै थिए । अब काम फत्य भएको हुनाले बिदा बक्सिएदेखि जान्छौं' भनी विन्ति गरे । 'खानपिन गरेर मात्र जाउला' भनी राजाले भन्दा आफ्नो नित्यकर्म सिद्ध्याई खानपिनतिर लागे ।

उता मकवानी लश्कर उठ्दा गोरखालीलाई देखेनन् र हेर्न जाँदा नवाफको फौज भागिसकेको र जमीनमा काटिएर यत्रतत्र छरिएका गिड र मुड मात्र देखे । अनि बडो शर्म मानी 'गोरखालीले त हाम्रो नाकै काटिदिएछन् ए !' भन्ने कुरा गर्दै फर्के । गोरखालीहरूले खानपिन सकी मकवानी राजासंग बिदा माग्न जाँदा राजाले नगरनिशानको खिल्लत दिन तयार भए । 'हजुरबाट बक्सियो, हामीले पायौं । हाम्रा महाराजसंग विन्ति चढाउँदा बक्से मात्र लिउँला, अहिले यहीं रहोस्' भनी अतिबल शाह र हरिचरण पाँडेले विन्ति गरे । अनि अरू सिपाहीलाई बढिया तरहसंग सौगात र खर्च तथा खल तारपत्र दिई बिदा गरे । अनि गोरखाली लश्करले गोरखामा पुगी महाराजका हजुरमा खल तारपत्र चढाएर सबै विस्तार विन्ति गरे । यसबाट महाराज बडो हर्ष भई हिन्दूपति मकवानी राजालाई सहायता दिई नवाफका फौजलाई मार्दै धपाएर रजपूतको रजपुत्याइं थामी आएका अतिबल शाह र हरिचरण पाँडेलाई ठूलो स्याबासी दिई नगरानिशान लिन मानिस खटिए । त्यसपछि हरिचरण पाँडेलाई 'मकवानपुरी पाँडे' भन्न लागे । अतिबल शाहले चौतरिया मान पाए ।

'सानो वस्तु भए पनि एकट्ठा भएपछि असाध्य पनि साध्य हुन्छ भनेको साँच्चै रहेछ । बाबियाको एउटा त्यान्द्राले मात्र हात्ती बाध्न सकिंदैन, तर धेरै त्यान्द्रा जम्मा भई बाँधिएको डोरीले मस्तै मत्त हात्ती पनि बांधिन्छ । हामीलगायत एघारबीस जनाले एकमत भई काम गर्दा नवाफको पचास साठी हजार लश्करलाई काटी धपायौं । तसर्थ हजार काफरका बीचमा एक शूरो छ भने शूरैले जित्दो रहेछ । शूरो, विवेकी, निमकदार र सत्कर्ममा लागेको मानिस जुन राजाले पालेको छ त्यसको सदा जय हुन्छ । जो वाजबी बोल्छ र वाजबी काम गर्छ त्यो मानिस कसैको मन पर्दैन । जस्तो रोग निको पार्ने औषधी मीठो हुँदैन, तर त्यसैले परिणाममा हित गर्छ । कुपथ कुरो अघि मीठो हुन्छ पछि बिगार गर्छ । त्यस्तै खुशामदे र बेवाजबी बोल्ने मानिस अघि बढिया देखिए पनि पछि बिगार गर्दछ' भनी सबै भारदारहरूले विन्ति गरे । 'बेश भन्यौ' भनी महाराजबाट हुकुम भयो ।

केही दिन पछि बाईसी चौबीसी उठाई लमजुङले मझुवा दखल गर्दा बडो मन्त्रणा गरी वैरी निकाले । फेरि फेरि जाइलाग्दा पनि काट्दै धपाउँदै गरे । फेरि मकवानी राजालाई सहायता दिई नवाफको फौजलाई काटी धपाएको आदि गोरखालीले गरेको पुरुषार्थ देख्दा पर्वत, पाल्पा, प्यूठाना, तनहुँ, लमजुङ, बाईसी, चौबीसी

सब राजाहरूले हार खाए । आखिर केही उपाय नलागदा ढोर राज्यका गोदेखान विचारीलाई झिकाए । जुन राजालाई जुन काममा सन्देह पर्थ्यो तिनै विचारीसंग सोधी काम गर्दथे । न्यायनिसाफतर्फ कसैले छिन्न नसकेको झगडा यिनैकहाँ पठाइदिन्थे । यिनले सबैको एकदम चित्त बुझ्ने गरी छिनिदिन्थे । त्यस्ता ती विचारीसंग उनीहरूले गोरखा बढ्न लागेको सब विस्तार गरी सल्लाह मागे ।

'मैले सब पक्षबाट विचार गर्दा गोरखाको विजय हुने देख्छु, तर सामान्य विचारले हेर्दा बुद्धिबर्गतले मात्र हो कि देवताको पनि करुणा रहेछ । त्यस्तो पत्ता लगाउने एउटा युक्ति निकाल्दछु । म चार प्रश्न दिन्छु, ती प्रश्न खामी चिठी पठाउनुहोस् । यी चार थोकको खास अर्थ के हो ? अर्थ खोली पठाउन नसके हामी सब राजा एकट्टा भई लडाईं गरेर तिमीलाई ध्वस्त पार्छौं ।' ती प्रश्न हुन् :– 'बढैया, घटैया, बढैयावि घटैयावि, नबढे नघटे ।' भनी विचारीले सल्लाह दिए । सोही तरहको खल तारपत्र लेखी पृथ्वीपति शाहकहाँ पठाए । उक्त पत्र पृथ्वीपति शाहले सबै भारदारहरूलाई देखाए । भारदारहरू अब के जवाफ लेखी पठाउने भनी विचारमा लीन भए ।

अरू विचार गर्दै थिए । कान्छा साहेबज्यू रणदुल्ल शाहले कागज, कलम र मसिनी लिई लेखे :– 'तृष्णा, आयु, पापपुण्य, र प्राक्तन कर्म । यसबाट के भयो भने हाम्रा घरमा केही खेद र केही बुद्धिको परिश्रम पनि पऱ्यो । यो अर्काको परिपंच होइन, ढोरका खानको सिपारस हो ।' यस्तो पत्र सब राजाहरू भएको कचहरीमा पुग्यो । खान विचारीले पत्र पढेर सबैलाई सुनाए । 'जसले बुद्धिलाई राम्ररी खेलाउन जान्दछ, उसलाई मात्र सहज हुने र अरूलाई बहुतै कठिन हुने युक्ति कल्पना गरी पठाएका थियौं । हाम्रा चित्तको अभिप्राय बुझी अर्थ गरेर फलानैको सिपारस हो भनी छेडी पठाउने यिनीहरू दैव शक्ति भएकै रहेछन् । किनभने विद्या, बुद्धि र पराक्रम यी तीन थोक एकै ठाउंमा रहंदैन । एकै जनामा तीन गुण जहाँ देखियो, त्यो नारायणको विशिष्ट कला भएको रहेछ भन्ने जानियो । पछि परिणाममा बाईसी चौबीसी पनि यिनैको होला जस्तो लाग्छ । अब बुझ्नुहोओस्, दैवसंग कसको के लाग्छ ? यो आपनो र यो बिरानो भन्ने छुटयाई गादीको सोझो गर्ने र बिराने ठहराएर विवेक गर्ने राजा जतिन्जेलसंम हुन्छन् त्यहाँसंम पापको वृद्धि नहुने र धर्मै बढ्ने भई धर्मै गर्नेको सदा जय हुने हुन्छ । यस्तो मेरा चित्तले देख्दछु ।' भनी ढोरका विचारी गोदेखानले विन्ति गरे । त्यसपछि सब राजाहरू आआफ्ना देशमा गए ।

महाराज पृथ्वीपति शाहले कान्छा साहेबज्यू रणदुल्ल शाहको त्यस्तो बुद्धि देख्दा बहुतै प्रेम गर्न लागे । भारदारहरू पनि साह्रो अठवा परेका कुरामा कान्छा साहेबज्यूसंग सोधी सन्देह फालेर काम गर्दथे । उनी पनि सबै बातचितमा कुशल हुँदा कल्ले खायो, कल्ले खाएन, को आयो, को आएन र बिसन्चो भयो कि भनी बराबर मानिस पठाएर बुझ्दथे । यसबाट 'क्याबात, कान्छा साहेबज्यू' भन्दै सबै हर्षले प्रफुल्ल थिए । नायक वीरभद्र शाहको केटाहरूबाट सुसार नपुग्दा बराबर आफै गई सुसार गर्दथे । यसरी कान्छा साहेबज्यूले काम गरेको देख्दा केही भारदार भुटभुटिए । अनि 'बुबाका पनि प्यारा, देशमा पनि नाम चलेका, साह्रा पंच पनि उनैका सल्लाहले काम गर्ने हुंदा हजुरलाई पर सारी कान्छा साहेबज्यूलाई अघि सार्नु यो हजुरसंगको वैरभाव हो' भनी छुल्याहाहरूले चुक्ली लगाई चित्त फुटाइदिए । सो कुरा नायकले बुबासंग विन्ति गर्दा 'कान्छा त्यस्ता छैनन्, गादीको सोझो गर्नालाई जीउ र धर्म पनि दिन्छन् । यसमा कत्ति सन्देह नमान' भन्ने हुकुम भयो । 'छुल्याहाको कुरा सुनी मसंग हजुरको चित नफाटोस् । हजुरको मोहो गरेकै छु र गर्यैंछु' भनी कान्छाले मसित विन्ति गर्थे भनी नायकले छुल्याहाहरूलाई जवाफ दिन्थे । 'धूर्तहरू कस्ता हुन्छन् भने बोल्नामा कोमल वाणी भएका तर हृदयमा भने कैंची भएका, कसको कुरा कसरी पाइएला भनी चिन्तना गरिरहने हुन्छन् ।' छुल्याहाहरू चुक्ली लगाउँदै गर्दथे । अनि नायकले कान्छा साहेबज्यूलाई सुन्न नसकिने अवाच्य बोले ।

'यस अवस्थामा देश त्याग गरी जाऊं भने के उपद्रव गरेछ र भाग्यो भन्ने अपवाद हुनेछ । देश नछाडौं भने सुनिनसक्नु दुर्वाच्य मर्जी हुन लाग्यो । अब बांच्नुभन्दा मर्नु बेश छ' भन्ने विचार गरी वीरभद्र शाहकहाँ पुगे । 'छुल्याहाको कुरा सुनी अवाच्य कुरा बोल्नुभयो तापनि हजुरको मर्जी शिरमा धारण गर्छु' भनी बुबाको दर्शन गर्न पुगे । 'तिम्रो मुख किन मलिन छ कान्छा ?' भन्ने हुकुम हुंदा नायकले अवाच्य बोलेको कुरा सबै विन्ति गरे । अनि फर्केर कोठाको ढोकामा ताल्चा मारी देह त्याग गरे । 'कान्छा

कहाँ गए' ? भनी महाराजबाट खोजी गर्दा कोठाको ढोकामा ताल्चा लगाएको देखियो । ताल्चा खोली हेर्दा देह त्याग गरेको देखेर राजादेखि प्रजासम्म सबै रुन लागे । अनि जो गर्नुपर्ने दाहादि क्रिया गरे ।

नायक वीरभद्र शाहका रानीहरू सिद्धीश्वरीदेवी, मालिकावतीदेवी, जयकुमारीदेवी र ...... यति चारमध्ये माहिली रानी मालिकावतीदेवी र साहिली रानी जयकुमारीदेवीको गर्भ रहेको थियो । अघि आफूमा कुरा हुँदा कुन रानीमा पुत्र हुन्छ भन्ने कुरा भएको रहेछ । माहिली रानीको सासूहरूसंग मिलाप नहुँदा वीरभद्र शाहसंग चित्त फाटयो । 'कुलो भागी खोलामा, छोरी भागी माइतमा' भन्ने उखान छैं आफ्ना केटाकेटी लिई माहिली रानी आफ्नो माइती तनहुँमा पुगिन् । पूर्वोक्त कारणहरूले गर्दा पृथ्वीपति शाहको र वीरभद्र शाहको पनि चित्त फाटयो । वीरभद्र शाहले 'मेरी माहिली गर्भवती छन्, छोरा होला जस्तो लाग्छ' भनी चन्द्ररूप शाहलगायत पांच सात जनासित भनेका रहेछन् । ती थाहा पाउनेहरूले गर्भको कुरा गर्दा पृथ्वीपति शाह रिसाए ।

त्यसै बीचमा मेरा हातबाट राजकाज पनि भएन, जन्म त्यसै बित्यो' भनी मनमा खेद गरेर काजी विराज थापा र उनका भाइछोराहरू ८/१० जना केटा साथमा लिई वीरभद्र शाह नेपालतिर लागे । उता रणदुल्ल शाहको प्रेतात्मा जागेको हुनाले दरवारमा नानातरहको उपद्रवका साथै धेरै मानिस बेरामीसमेत भए । धामी, झांक्री र जोखाना हेराउँदा पनि वायुकै दोष ठहरिएकोले कान्छा साहेबलाई बूढा देवता भनी पूजा गर्न लागे । त्यो चलन आजसम्म छँदैछ । त्यस बखतमा घर फुट्दा एकमत कसैको थिएन । शत्रुले चढाईँ गरेको भए छत्रभंग हुन पनि बेर थिएन । बालकपनमा पढेको विद्या, बडा पुरुषसंगको मैत्री, देवतादेखि मिलेको वरदान, योगमा पार भएको योगी, जनताको मन, न्यायपूर्वक आर्जेको दौलत र कुलीनको छोरीसंग प्रीति यति थोक बहुत स्थिर हुन्छ । गोरखाको राज्य स्थिर हुनाको कारण देवताबाट मिलेको वरदान हो ।

यता नायक पनि श्री पशुपतिनाथको दर्शन गरी भादगाउँ पुगे । राजा भूपतीन्द्र मल्लले उनको बडो आदरभाउ गरे । उनी भादगाउँमा बसेकै बखतमा पाटन र काठमाडौंका राजाहरूले मानिस पठाई 'वैरी भएका गोरखालीका छोरालाई यहाँ राख्नु ठीक छैन । किनभने वैरी कहिले पनि आफ्नो हुँदैन । वैरीको निर्मूल गर्नाले जय हुन्छ । उनलाई चांडो पठाउनुहोस्' भन्ने पत्रसमेत पठाए । 'यहाँलाई चाले अरू राजाहरू मदेखि टुट्नन्' भनी भूपतीन्द्र मल्लले दोशल्ला पहिराई बिदा गर्न तयार भए । वीरभद्र शाहले पहिरलान् भनी काजीले आफ्नो गुप्त बोलीले इशारा गरे । अनि वीरभद्रले हातले मात्रै छोई डेरातिर लागे । यसमा केही प्रयोग गरेको छ कि भन्ने शंका गरी कुकुरका कपालमा त्यो दोशल्ला राखिदिंदा कुकुर तत्क्षणमा मऱ्यो । अनि रातारात गरेर तङ्की त्रिशूलगंगापारि पुगेपछि मात्र विश्राम गरे । त्यहाँ वीरभद्र शाह बेरामी हुँदा वायुको दोष जस्तो देखिएकोले चांडो गरी सवारी लांदा गंडीमा पुगेपछि देह त्याग गरे । काजी विराज थापाप्रभृति रुँदै गई पृथ्वीपति शाहसंग विस्तार गरे । महाराजप्रभृति सबैले रोई रोई क्रियाकाज सिध्याए ।

उता तनहुँमा पनि नरभूपाल शाह पैदा भएका रहेछन् । कान्छा साहेबको र वीरभद्र शाहको समेत शोक पर्दा महाराज बहुतै उदास भए । यही तापले गर्दा केही कालपछि महाराज पनि परलोक भए । यी महाराजले गोरखा पोखरीथोकमा शिवालय बनाई त्यसको अगाडि खम्बा खडा गरेर त्यसमा सुनको आफ्नो मूर्ति राखेका थिए । त्यसमा यो श्लोक लेखिएको छ :–

उत्तराशासुनाशीरो गोर्खाचलसुधानिधिः ।
पृथ्वीपतिर्विजयतां तत्स्थापितशिवं भजे ।
पृथ्वीपतिर्विजयभक्तिमदद्वितीय
स्तेजो महान्समधिरूढमतिर्बलीयान् ।
बद्धांजलिः सविनयो नु जितेन्द्रियात्मा
यः सेवते प्रतिमहेषि महेश्वराप्तिम् ।
श्रीशाके क्षितिपषड्भूमिते संवत्सरे शुभे ।
मोदाकृतिः शिवपुरी सद्भोगस्पृहयाचला ।
गोर्खाधिपमहाराजपृथ्वीपतिनृपाज्ञया ।
नीरेश्वरेण विदुषा प्रशस्ती रचिता शुभा ।

(क्रमशः)